# पहिलो परिच्छेद

# शोध परिचय

## १. विषय परिचय

कृष्णचन्द्रसिंह प्रधानको जन्म वि.सं. १९८२ साल श्रावणमा काठमाडौं जिल्लाको तुच्चे गल्लीमा पिता सूर्यप्रसाद प्रधान र माता सूर्यमाया प्रधानका साहिँला छोराका रूपमा भएको हो । कक्षा ५ सम्मको औपचारिक अध्ययन गरी त्यसपछि स्वअध्ययनबाटै बौद्धिक व्यक्तित्व निर्माण गरेका प्रधानले वि.सं. १९९५ मा तेह्र वर्षको उमेरमा 'हाय तमाखु ! हा तमाखु !' कविताको रचना गरेका थिए । उनको औपचारिक साहित्यिक यात्राको थालनी भने वि.सं. २००२ सालमा 'अश्रुधारा' शीर्षकको कविता 'उदय' पत्रिकामा प्रकाशित भएपछि मात्र भएको हो ।

प्रधानले वि.सं. २००४ मा नेपाली साहित्य परिषद्ले सरस्वती सदनमा आयोजना गरेको कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी रु. १०००।- पुरस्कार प्राप्त गरेका थिए । उनले 'कविता व्यथित र काव्य साधना' नामक समालोचनात्मक ग्रन्थका लागि २०१५ सालको मदन पुरस्कार प्राप्त गरेका थिए । त्यस्तै गोरखा दक्षिणबाहु चौथो (२०२५), साझा पुरस्कार (२०३७), धरणीधर पुरस्कार (विराटनगरबाट २०४७), प्रतिभा पुरस्कार (विराटनगरबाट २०४६), रत्न श्रेष्ठ पुरस्कार (२०४६) प्राप्त गरेका थिए ।

साहित्यका विभिन्न विधामा कलम चलाएका प्रधानको निबन्धकार व्यक्तित्व नै सबै भन्दा सशक्त साहित्यकार व्यक्तित्व हो । निबन्धकारका रूपमा हेर्दा उनले आफ्नो निबन्धयात्राको थालनी वि.सं. २००४ सालमा 'साहित्यस्रोत' वर्ष १, अङ्क २ मा प्रकाशित 'झुत्रो लुगा' निबन्धबाट गरेका हुन् । हेर्दा उनका हालसम्म 'सालिक' (२०२६), 'अनाम सत्य' (२०४३), 'पाइला आगतमा टेकेर' (२०४७) बागमतीको हरक (२०५७) समयसुनामी (२०६३) गरी पाँच निबन्ध संग्रहहरू प्रकाशित भएका छन् ।

प्रगतिवादी चिन्तनबाट सृजना-यात्रा आरम्भ गरेका रचनाकार प्रधानले आफ्ना निबन्धहरूमा तर्क र विचारलाई पहिलो प्राथमिकतामा राखेका छन् भने पछिल्लो अवस्थामा आइपुग्दा उनका निबन्धहरू तर्क, विचार र सौन्दर्य सबै कुरालाई समेट्न

खोजेको जस्तो देखिन्छ । तर्क र विचारलाई प्रगतिवादी चिन्तनको गोरेटोमा डोऱ्याउने प्रधान  समालोचनाको क्षेत्रलाई सँगै लिएर जाँदा उनको निबन्धमा समालोचनात्म शैलीको पनि प्रभाव भेट्टाउन सकिन्छ । अतः प्रधानका यिनै वैचारिक निबन्धहरू के कस्तो वैधानिकता लुकेको छ भन्ने कुरा हालसम्म अध्ययन नभएकाले यस समस्यामा अध्ययन आवश्यक रहेको महसुस गर्दै वैचारिक सिद्धान्तका आधारमा यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## २. समस्या कथन

'कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा वैचारिकता' शीर्षक शोधपत्रको मूल समस्या नै प्रधानका निबन्धमा वैचारिकताको खोजी गर्नु हो, तर यसको व्यवस्थित अध्ययनका लागि निम्नानुसारका बुँदाहरू समस्याका रूपमा रहेका छन् ।

(क) कृष्णचन्द्रसिंह प्रधानका निबन्धका वैचारिक विश्लेषणका सैद्धान्तिक आधारहरू के-के हुन् ?

(ख) कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूमा के कस्तो वैचारिकता छ ?

## ३. शोधकार्यको उद्देश्य

उपर्युक्त समस्या कथनका आधारमा यस शोध कार्यका उद्देश्य निम्नबमोजिम रहेका छन् ।

(क) कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूको वैचारिक विश्लेषणका सैद्धान्तिक आधारहरू केलाउने ।

(ख) कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूमा भएको वैचारिकताको विश्लेषण गर्ने ।

## ४. पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको निबन्ध विधामा उत्कृष्टता हासिल गरेर चर्चा कमाएका निबन्धकार कृष्णचन्द्रसिंह प्रधान नेपाली समालोचनाको क्षेत्रमा पनि उत्तिकै चर्चित छन् । समालोचनालाई पर राखेर निबन्धको क्षेत्र मात्र हेर्ने हो भने पनि उनी उत्कृष्ट ठहरिने छन् । उनका निबन्ध सङ्ग्रहहरूको समग्र अध्ययन गर्ने क्रममा अन्य अन्य विषयमा अनुसन्धान भए पनि उनका निबन्धहरूको मूल प्राण मानिने वैचारिक पक्षको अध्ययन भने भएको भेटिंदैन । प्रसङ्गवश फाट्टफुट्ट रूपमा लेखिएका विभिन्न विद्वानका

लेखहरू बाहेक अन्य अध्ययन भएको देखिदैन । अतः यस शीर्षकसँग सम्बन्धित यथासम्भव प्राप्त पूर्वकार्यको विवरण तथा समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

१. रामलाल अधिकारी (२०३२) ले 'नेपाली निबन्धयात्रा' नामक कृतिमा प्रधानलाई तार्किक, चिन्तनशील दार्शनिक र नीतिकारको समीश्रण भनी शसक्त निबन्धकारहरूमा हुनुपर्ने गुण र लक्षणहरूको समेत परिचय दिँदै उनलाई साहित्य जगतका बौद्धिक निबन्धकार भनी टिप्पणी गरेका छन् । प्रस्तुत शोधपत्रमा प्रधानको निबन्धगत वैचारिक दृष्टिकोणको विश्लेषण गर्ने क्रममा उक्त कार्य उपयोगी रहेको छ ।

२. कुमारबहादुर जोशी (२०३३) ले विकीर्ण चिन्तन नामक कृतिमा कृष्णचन्द्रसिंह प्रधानलाई नेपाली निबन्ध क्षेत्रका माझीका रूपमा हेर्दै देवकोटा, हृदयचन्द्र सिंह, श्यामप्रसाद शर्मा, केशवराज पिंडाली, ताना शर्मा, भैरव अर्याल र शंकर लामिछाने जस्ता निबन्धकारको संज्ञा दिँदै 'सालिक' निबन्धसंग्रहका निबन्धहरूमा प्रकट भएका वैचारिक दृष्टिकोणहरू नेपाली साहित्यकै नौला चिन्तन हुन् भनी स्वीकारेका छन् । जोशीको यो विश्लेषण प्रस्तुत शोधपत्रको वैचारिक विश्लेषणका लागि उपयोगी सिद्ध भएको छ ।

३. तारानाथ शर्मा (२०३९) ले 'नेपाली साहित्यको इतिहास' नामक कृतिमा कृष्णचन्द्रसिंह प्रधानमा शंकर लामिछानेको प्रभाव परेको कुरा व्यक्त गरेका छन् । उनले प्रधान मूलत शंकर लामिछाने जति आत्मपरक शैलीमा प्रस्तुत नभए पनि प्रभावशाली र व्यङ्ग्य तथा तर्कको मिश्रित प्रवाह उनमा भेटिएको र कतै कतै क्लिष्ट र दुरुह चिन्तनले उनलाई नै अल्झाएको कुरा व्यक्त गरेका छन् । त्यसै गरी शर्माले विचार प्रधान निबन्ध लेखेर बौद्धिकतालाई घच्घच्याउने काम लामिछानेले गरे भने प्रधानले बिंडो थाम्ने काम गरे भन्ने कुरा लेखेका छन् । उक्त विश्लेषण यस शोधपत्रका निम्ति आवश्यक देखिएकाले यसलाई अध्ययनका निम्ति अवलम्बन गरिएको छ ।

४. भैरव अर्याल (२०४०) ले 'साझा निबन्ध' नामक कृतिमा कृष्णचन्द्रसिंह प्रधानलाई कवि, समालोचक र निबन्धकार गरी त्रिआयामिक रूप दिएका छन् । उनले नेपाली साहित्यमा प्रतीकात्मक निबन्ध दिनेहरूमा कृष्णचन्द्रसिंह

प्रधानलाई अग्र पंक्तिमा राख्दै ओजस्वी भाषा र खोजपूर्ण चिन्तन सहित बौद्धिकतामा खलबली ल्याउने निबन्धहरूमा 'शव सालिक विद्रोह' 'लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म' र 'टाइट फिट-किरमिर रेखाको ड्यास' आदि पर्दछन् भनी लेखेका छन् । साथै अर्यालले प्रधानलाई समको तार्किकता, देवकोटाको कवितात्मकता, पिँडालीको व्यङ्ग्यात्मकता र लामिछानको प्रयोग शीलताको मिश्रणका रूपमा चिनाएका छन् । प्रस्तुत शोधपत्रमा प्रधानको वैचारिक चेतनाको अध्ययन गर्ने क्रममा उक्त कार्य उपयोगी बनेको छ ।

५. ईश्वर बराल (२०४६) ले 'सयपत्री' नामक कृतिमा कृष्णचन्द्रसिंह प्रधानलाई आफ्ना अग्रज हृदयचन्द्रसिंह प्रधानको समान व्यक्तिको उपमा दिँदै उनलाई स्वल्पकवित्व बोकेका तार्किक र विवेचक निबन्धकारका रूपमा चर्चा गरेका छन् । उनको यो चिन्तन पनि प्रस्तुत शोधकार्यका लागि उपयोगी रहेको छ ।

६. रविलाल अधिकारी (२०४८) ले 'गरिमा' साहित्यिक पत्रिकामा 'नेपाली निबन्धको विकास' शीर्षक लेखमा कृष्णचन्द्रसिंह प्रधानका केही विचारात्मक निबन्धका आधारमा उनको निबन्धगत व्यक्तित्व बारे चर्चा गरेका छन् । रविलाल अधिकारीले प्रधानका निबन्ध राजनीतिक चेतना, भाषिक अभिव्यक्ति कवित्वपूर्ण र व्यङ्ग्यले मिठासयुक्त भए पनि पाठकलाई फलामका चिउरा चपाउनुपर्ने कारण सामान्य पाठकलाई खुराक दिन सक्दैनन् भनी टिप्पणी गरेका छन् । साथै उनले प्रधानका निबन्ध शिक्षित पाठकहरूले पनि घोरिएर पढ्नुपर्ने र उत्तरोत्तर जटिल र प्रयोगशील बन्दै गएको तथा यथार्थवादलाई छोडी अस्तित्व को वकालत गरेको ठहर गरेका छन् । अधिकारीको उक्त विश्लेषण प्रस्तुत शोधकार्यमा वैचारिकता विश्लेषणका निम्ति उपयोगी रहेको छ ।

७. राजेन्द्र सुवेदी (२०४९) ले 'स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि' नामक कृतिमा नेपाली निबन्धको आधुनिक चरण अन्तर्गत आत्मपरक अभिव्यक्ति भएका निबन्ध लेखेर आफ्नो पहिचान बनाएका निबन्धकारका रूपमा प्रधानलाई चिनाएका छन् । सुवेदीले प्रधानलाई विशुद्ध तार्किक, दार्शनिक र बौद्धिक लेखक ठान्दै उनका निबन्धले बोकेको युगीन चिन्तनले भविष्यको ताल्चा खोल्न सक्ने अद्भूत क्षमता भएको भनी टिप्पणी गरेका छन् । सुवेदीको यो विश्लेषण प्रभावपरक

छ । अतः प्रस्तुत शोधपत्रको वैचारिक विश्लेषका निम्ति सुवेदीको यो विश्लेषण सहयोगी सामग्री भएको छ ।

८. उत्तम कुवँर (२०५०) ले 'स्रष्टा र साहित्य' नामक कृतिमा प्रधानको व्यक्तित्वको चर्चा गर्दै उनका तार्किक निबन्धले पाठकलाई पारेको प्रभावको चर्चा गरेका छन् । उनले प्रधानका वैचारिक निबन्धहरू प्रयोगशील र हुँदाहुँदै पनि पाठकले प्रत्येक पंक्तिको विचारलाई नयाँ पाउनु नै महत्त्वपूर्ण हो भन्दै टिप्पणी गरेका छन् । उनको यो कार्य प्रस्तुत शोधपत्रमा प्रधानको व्यक्तित्व चर्चाका लागि उपयोगी भएको छ ।

९. भीम उदासी (२०५०) ले 'दिव्य दर्शन' पत्रिकामा 'कृष्णचन्द्रसिंह प्रधानको सालिक निबन्धले इङ्गित गरेका मूल्यहरू' शीर्षक लेखमा सालिक संग्रहका केही निबन्धहरूको चर्चा गरेका छन् । उनले प्रधानलाई प्रगतिवादमा टेकेर सामाजिक कुसंस्कारको विरुद्धमा आवाज उठाउने निबन्धकार भनी टिप्पणी गरेका छन् । साथै उनका 'सालिक' भित्रका निबन्धहरूले राजनीतिक देखि लिएर घरभित्रसम्मका कुसंस्कारलाई तार्किक चिन्तनद्वारा समाधानको बाटो देखाउँछन् भनी चर्चा गरेका छन् । यो कार्य प्रस्तुत शोधपत्रको प्रधानका निबन्धमा वैचारिकताको विश्लेषणका लागि उपयोगी भएको छ ।

१०. कल्पना लुइँटेल (२०५३) ले स्नातकोत्तर तहको शोधपत्र 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता' मा प्रधानका निबन्धको सामान्य विश्लेषण गर्दै उनको निबन्ध यात्रा लेखन व्यक्तित्वको बारेमा चर्चा गरेकी छिन् । उनले प्रधानका निबन्धहरूलाई विभिन्न धारामा छुट्याउँदै प्रधानका विशेषताहरूको अध्ययन गरेकी छिन् । प्रस्तुत शोधपत्रका निम्ति यो पूर्वकार्य निकै उपयोगी भएको छ ।

११. रामदयाल राकेश (२०५६) ले 'रचनाको रसास्वादन' नामक कृतिभित्र 'अनाम सत्य' निबन्धसंग्रहलाई नियाल्दा' शीर्षकको समालोचनात्मक लेखमा 'साहित्य र हावापानी' निबन्धलाई आत्मसाथ गर्दै साहित्य आफ्नो देशको परिधि र परिवेशमा रचिएर पनि अन्तर्राष्ट्रिय क्षितिजलाई छुन सक्दछ भनी टिप्पणी गरेका छन् । उनले निबन्धकार प्रधान समदर्शी र दार्शनिक मुद्रामा यस संसारमा समानताको स्वरलाई समर्थित गर्न अग्रसर भएका छन् भन्दै प्रधानको

वैशिष्ट्यलाई प्रगतिवाद  साम्यवादसँग जोडेका छन् । उनको यो विश्लेषण यस शोधपत्रको वैचारिक सिद्धान्तका आधार खोजी गर्ने क्रममा उपयोगी सिद्ध भएको छ ।

यी पूर्वकार्यहरूमा प्रधानका निबन्धहरूको समग्र रूपमा वैचारिक विश्लेषण नभएको र केही प्रतिनिधि निबन्धहरूको फुटकर अध्ययन सङ्क्षिप्त रूपमा भएको भेटिन्छ भने कतै कतै सङ्ग्रहको संक्षिप्त चर्चा मात्र भएको भेटिन्छ । त्यसै गरी कतिपय पूर्वकार्यका रूपमा विभिन्न पत्रिकामा एउटै लेख प्रकाशित भएका छन् भने कतिपय लेखहरू उत्कृष्ट र प्रामाणिक देखिँदैनन् । यी सबै लेखहरूबाट विभिन्न विशिष्ट विद्वानहरू र प्रस्तुत शोधपत्रसँग सम्बन्ध राख्ने सहयोगी लेख तथा समालोचना मात्र पूर्वकार्यका रूपमा समावेश गरिएका छन् ।

## ५. शोधकार्यको औचित्य महत्त्व र उपयोगिता

कृष्णचन्द्रसिंह प्रधान नेपाली निबन्ध क्षेत्रमा प्रमुख स्तम्भका रूपमा रहेका छन् । नेपाली निबन्धलाई आधुनिक मूल्य मान्यतामा डोऱ्याउने कार्य निबन्धकार प्रधानबाट भएको पाइन्छ । नेपाली निबन्धमा उनको उपस्थितिले अग्रगामी निकासका विभिन्न पाटामध्ये प्रगतिवादी चेतलाई प्रधानले आफ्ना निबन्धका विषयवस्तु बनाई निबन्धगत खुराक पाठकलाई पस्किई सौन्दर्यात्मक अनुभूतिको साथै वैचारिकता दिनु प्रधानको मूल निबन्धगत वैशिष्ट्य हो भन्न सकिन्छ । यसैलाई मध्यनजर गरी गरिएको यो अध्ययन आफैँमा नयाँ आयाम हुने कुराले प्रधानको निबन्धगत विविधतालाई प्रष्ट्याउँछ । त्यसैले यस अध्ययनबाट निबन्धकार प्रधानको वैचारिकता सम्बन्धी अध्ययनले यस क्षेत्रका अध्येता अनुसन्धातालाई महत्त्वपूर्ण सावित हुनेछ भन्ने ठानी यसको औचित्यलाई स्वतः पुष्टि गर्छ साथै यस अध्ययनबाट यसको उपयोगिता समेत देखिन्छ ।

## ६. शोधकार्यको सीमाङ्कन

कृष्णचन्द्रसिंह प्रधानका अद्यतन प्रकाशित निबन्ध संग्रह नै मुख्य अध्ययन क्षेत्र हो । यस भित्र निबन्धगत विविधताका आधारमा  प्रधानका विचार पक्षलाई मात्र यस अध्ययनको सीमा मानिन्छ ।

## ७. शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणले सैद्धान्तिक आधार र ढाँचा पर्दछन् । सामग्री सङ्कलनमा प्राथमिक, द्वितीयक दुवै स्रोतका सामग्रीको सङ्कलन अपरिहार्य भए जस्तै तिनको विश्लेषणमा निश्चित सैद्धान्तिक वा अवधारणात्मक आधार तथा ढाँचा निर्माण अनिवार्य छ । यसका साथै परिभाषीकरण, वर्गीकरण, व्याख्या-विश्लेषण, सत्यापन, अर्थापन, तुलना-प्रतितुलना, अन्वय-व्यतिरेक, सामान्यीकरण र निष्कर्षण प्रक्रियाको सन्तुलित र समन्वयात्मक उपयोग पनि यस शोधपत्रमा आवश्यकअनुसार गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

यस शोधपत्रको समस्या कथनमा उल्लेख गरिएका प्रश्नहरूको प्रामाणिक समाधानका लागि दुई किसिमका सामग्रीको सङ्कलन गरिएको छ । पहिलो प्रकृतिका तथ्य/सामग्रीहरू प्रधानका निबन्धहरूको वैचारिक अवधारणा निर्माणसँग सम्बन्धित छन् । त्यस्तै दोस्रो किसिमका तथ्य सामग्रीहरू प्रधानका निबन्धहरूका बारेमा लेखिएका लेख, रचनाहरू, समालोचना तथा प्रधानका निबन्धहरूका बारेमा लेखिएका अवधारणाहरू छन् । उपर्युक्त दुवै किसिमका सामग्रीहरू पुस्तकालयीय पद्धतिबाट सङ्कलन गरिएका छन् । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका सामग्री विश्लेषणीय सामग्रीका रूपमा हुन् भने द्वितीयक स्रोतका सामग्रीहरू विश्लेषणका सहायक सामग्री हुन् ।

### (ख) सामग्री अध्ययन विश्लेषण विधि

प्रस्तुत शोधपत्रको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन विश्लेषणमा सैद्धान्तिक विश्लेषणका आधारमा वैचारिकताको अध्ययन गरिनुका साथै प्रभावपरक तथा कृतिपरक पद्धतिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ८. शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढंगबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तावित शोधपत्रको स्वरूप वा संगठन यस प्रकार छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोध परिचय |
| दोस्रो परिच्छेद : | कृष्णचन्द्रसिंह प्रधानको निबन्धलेखनको पृष्ठभूमि, निबन्धयात्रा र निबन्धको बर्गीकरण |
| तेस्रो परिच्छेद : | कृष्णचन्द्रसिंह प्रधानको निबन्धलेखनमा बैचारिकताको अभिप्रेरक आधार |
| चौथो परिच्छेद : | कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूको वैचारिक विश्लेषण |
| पाँचौ परिच्छेद : | उपसंहार तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

## कृष्णचन्द्रसिंह प्रधानको निबन्धलेखनको पृष्ठभूमि, निबन्धयात्रा र निबन्धको वर्गीकरण

### २.१. कृष्णचन्द्रसिंह प्रधानको सङ्क्षिप्त साहित्यिक जीवनी

कृष्णचन्द्रसिंह प्रधानको जन्म वि.सं. १९८२ साल श्रावण महिनामा नागपञ्चमीका दिन काठमाडौंको तुच्चे गल्लीमा भएको हो । उनी पिता सूर्यप्रसाद प्रधान र माता सूर्यमायाका साहिँला छोरा हुन् । बाबु सूर्यप्रसाद प्रधान बाह्रमासे जुवाडे नभए पनि राणाहरूद्धारा  बेला बलामा फुकाइने जुवा भने दिन रात खेल्दथे । त्यसै कारणले गर्दा सम्पन्न परवारमा जन्मेर पनि बुबाको जुवाडे प्रवृत्तिले गर्दा उनको बाल्यावस्था आर्थिक विपन्नतामा भासियो । जागिरका क्रममा पिता सूर्यप्रसाद वीरगञ्ज पुगेपछि पाँचवर्षको उमेरमा कृष्णचन्द्रसिंह वीरगञ्जकै जुद्धोदय माध्यमिक विद्यालयको कक्षा १ मा भर्ना भए । पाँच कक्षासम्म औपचारिक शिक्षा लिएका प्रधानले आफ्नो आर्थिक विपन्नताका कारण मासिक शुल्क तिर्न नसकी पढाे छाड्न बाध्य भए । भारतमा गान्धीले चलाएको आन्दोलनको प्रभाव आफूमाथि परेकाले र त्यस बेलाको वीरगञ्जको  शिक्षा व्यावसायिक पेशाका रूपमा सञ्चालन भएकाले पनि उनले विद्यालयीय अध्ययन छोड्नु पऱ्यो (लुइँटेल, २०५३) ।

विद्यालयीय अध्ययनबाट बञ्चित भए पनि आफ्नो अध्ययनप्रतिको रुचिले गर्दा उनी स्वाध्ययनमा व्यस्त रहन थाले । घरको सम्पूर्ण काममा आमालाई सघाउनु र खाली समयमा अध्ययन गर्नु कविता कोर्नु, चित्र कोर्नु इत्यादि कार्य उनको दैनिकी बन्न थाल्यो । यही अभ्यास र प्रतिभाबाट (वि.सं. १९९५ मा पहिलो कविता विहान - विहान उठेर  सधैँ तमाखु भर्नुपर्ने झन्झटले उक्त कविता लेखेको बताउने प्रधानको प्रथम प्रकाशित साहित्यिक रचना चाहिँ 'अश्रुधारा' (२००२) हो । साहित्यलेखनको यात्रालाई अगाडि बढाउँदै जादा उनी समालोचना, कविता र निबन्ध लेखनमा लोकप्रिय हुन थाले । कवि भूपि शेरचन, लक्ष्मी प्रसाद देवकोटा र दाजु हृदयचन्द्र सिंह प्रधानका सामीप्यबाट उनलाई साहित्यिक प्रेरणा मिल्न थाल्यो । उनको निबन्धयात्रा भने उनी वि.सं. २००४ सालमा "साहित्य स्रोत" वर्ष १, अङ्क :२ मा प्रकाशित 'झुत्रो लुगा' बाट थालिएको हो । २००४ सालदेखि निबन्ध लेखनका साथै समालोचनाको क्षेत्रमा पनि उनले नेपाली साहित्यलाई निकै ठूलो योगदान गरे । करिब दशक लामो साहित्यिक

यात्राले उनलाई निकै उच्च स्थानमा पुऱ्यायो । उनले आफ्नो जीवनकालमा विभिन्न कविता समालोचनाका विभिन्न पुस्तकाकार कृति लेखे । उनको **'कवि व्यथित र काव्य साधना'** नामक समालोचनात्मक कृतिले २०१५ सालको मदन पुरस्कार समेत हात पारेको थियो भने **'नेपाली उपन्यास र उपन्यासकार'** नामक समालोचनात्मक कृतिले २०३७ सालको साझा पुरस्कार प्राप्त गरेको थियो । त्यसै गरी निबन्धका क्षेत्रमा उनले आफ्नो जीवनमा ५ वटा निबन्ध सङ्ग्रह रचना गरे । उनका निबन्धसङ्ग्रहरू 'सालिक' (२०३६) अनामसत्य (२०३९) पाइला आगतमा टेकेर (२०४७) बाग्मतीको हरक ( २०५७) र समय सुनामी (२०६३) प्रकाशित छन् । यसरी उनले नेपाली साहित्यलाई आजीवन सक्दो योगदान गरे र २०६७ साल असार १७ गते आफ्नो जीवनलाई समाप्त गरे । उनले नेपाली साहित्यलाई छोडेर गए पनि उनका हरेक कृति आज नेपाली साहित्यिक कृतिका रूपमा सुरक्षित छन् ।

## २.२. प्रधान कृष्णचन्द्रसिंह प्रधानको निबन्धलेखनको पृष्ठभूमि

### २.२.१ लेखन प्रेरणा

काठमाडौको तुच्चा टोलमा जन्मिएका प्रधानलाई दाजू हृदयचन्द्रसिंह प्रधानको लेखन कला र सङ्गतले साहित्य लखेनमा आउने प्रेरणा मिल्यो । दाजु काठमाडौंमा बस्ने र उनी चाहिँ तराइमा बस्ने भएकाले दाजुभाइका बिचमा पत्रहरू आदान प्रदानको क्रम जारी रहन्थ्यो । त्यस बेलामा कृष्णचन्द्रसिंह प्रधानका पत्रमा भएका भाषिक त्रुटिलाई हृदयचन्द्रसिंहले सच्याइदिन्थे । यो प्रकृयाबाट भाषिक शुद्धता पनि बढ्दै गयो र लेखनमा उनी अग्रसर हुँदै गए (लुइँटेल २०५३ : १२) । त्यसै गरी दाजु हृदयचन्द्रसिंह प्रधान वीरगञ्ज जाँदा ती पत्रपत्रिकामा आफ्ना दाजुको नाम छापिएको देखेर आफूलाई पनि त्यसै गरी नाम छपाउने रहर जागेकाले दाजुकै प्रेरणा र प्रभावमा उनी साहित्य लेखनतर्फ लागेका हुन् । पीडा र अभाव बाट प्रेरणा मिल्छ भन्ने प्रधानको हाय तमाखुः हाय तमाखुः (१९९५) शीर्षकको कविता  प्रथम साहित्यिक रचना हो । बुबाको तमाखु खाने बानी र बिहानै उठेर सधै तमाखु भर्नुपर्ने झन्झटले उक्त कविता लेखेको बताउने  प्रधानको प्रथम प्रकाशित साहित्यक रचना चाहिँ 'अश्रुधारा' (२००२) हो । यो बनारसबाट प्रकाशित 'उदय' पत्रिकामा छापिएको थियो । प्रधानको लेखन शैली र लेख्य कृतिको प्रकृति तथा विषयवस्तु हेर्दा उनीले देवकोटा, व्यथित, भूपि शेरचन, गोपाल प्रसाद रिमाल, गोविन्द बहादुर मल्ल गोठाले जस्ता देशभित्रका साहित्यकारहरू र

अन्यमा गोर्की, पाब्लो नेरुदा, ब्रेख्त, निराला, शमशेरबहादुर, निर्मल शर्मा, सुमित्रानन्दन जस्ता साहित्यकारका कृतिबाट प्रेरणा लिएको देखिन्छ ।

### २.२.२ निबन्धलेखनको पृष्ठभूमि

कृष्णचन्द्रसिंह प्रधानको साहित्यिक जीवनको प्रारम्भ कविताबाट भए पनि उनी मूलतः गद्यलेखन र समालोचनात्मक टिप्पणी लेखनमा सफल देखिए । तत्कालीन नेपाली साहित्यमा कविताका क्षेत्रमा लक्ष्मी प्रसाद देवकोटाको काव्य लगायत उपन्यासका क्षेत्रमा पनि विश्वेश्वर प्रसाद कोइराला र मोहन कोइराला जस्ता मूर्धन्य स्रष्टा थिए । त्यसकारण कृष्णचन्द्रसिंहले त्यति बेला फस्टाइ नसकेको समालोचनाको क्षेत्रलाई समाले र त्यसमा सफल पनि भए । वैचरिक धरातलमा उभिएर गद्यलाई प्रतीकात्मक ढंगले प्रवाहित गराउन सक्ने भएकैले उनी निबन्ध लेखनतिर बढी झुकेको देखिन्छ । यसरी उनी निबन्ध लेखनमा बढी सफल देखिन्छन् । उनको यो सफलताको आभास उनले पहिले नै दिइ सकेका थिए । उनको पहिलो प्रकाशित निबन्ध 'साहित्य स्रोत (२००४)' पत्रिकामा प्रकाशित 'झुत्रो लुगा' बाट यसको प्रमाण मिल्यो र पहिलो निबन्धबाटै उनी सफल निबन्धकार बन्न पुगे । उनको समयमा तत्कालीन राजनीतिक परिवेश प्रतिकूल रहेका कारण उनी बढी चिन्तनशील र असन्तोष पोख्न चाहन्थे । त्यसका लागि कविता र काव्यभन्दा निबन्ध नै बढी फलदायी हुने हुँदा उनी निबन्ध लेखनमा अग्रसर भए ।

कृष्णचन्द्रसिंह प्रधानले निबन्ध लेखनको थालनी गर्दा निजात्मक धाराले फस्टाउने मौका पाइसकेको थियो भने बुद्धिपक्षको पनि प्रयोग भैसकेको थियो । त्यतिबेला नै नेपाली निबन्धका क्षेत्रमा हास्य व्यङ्ग्यका सुन्दर छटा देखा पर्न थाले र मार्क्सवादी मान्यतामा आधारित प्रगतिवादी चिन्तनका नवीन बान्कीहरू पनि प्रस्तुत हुन थाले । आधुनिक नेपाली निबन्धको यही पृष्ठभूमिका माझ निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको आगमन भयो ।

## २.३ कृष्णचन्द्रसिंह प्रधानको निबन्धयात्रा र त्यसका चरणहरू

नेपाली साहित्यका विविध विधाहरू मध्ये कान्छो विधा मानिने निबन्ध बिधामा कृष्णचन्द्रसिंह प्रधानले सफलता हासिल गरेका छन् । 'झुत्रो लुगा' (२००४) निबन्धबाट लेखनको आरम्भ गरी २०६७ साल सम्म झन्डै साढे छ दशक लामो निबन्धयात्रामा

उनी क्रियाशील रहे । कुनै पनि साहित्यकारको लामो साहित्यिक रचनात्मक दृष्टिकोण र प्रवृत्ति या विशेषतामा नै पनि नौलो आयाम ल्याएका हुन्छन् । यस्ता चरणहरूको विभाजन तथा वर्गीकरण गरी ती प्रत्येक चरण परिवर्तनका अधारभूत कारणसँग ती विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तः सम्बन्ध नदेखाई कुनै पनि स्रष्टाको उचित मूल्याङ्कन हुन सक्दैन ।

साहित्य यात्रामा विभिन्न घुम्ती र चरणहरू देखा पर्नुमा विभिन्न कारणहरू हुन सक्छन् । त्यस्तै निबन्धकार प्रधानको निबन्धयात्रामा पनि विभिन्न चरण देखा पर्नुमा विभिन्न कारणहरू छन् । प्रारम्भिक जीवनको साहित्यिक यात्रा र प्रौढावस्थाको साहित्यिक यात्रामा प्रायः जसो सबै साहित्यकारहरूमा परिष्कार परिमार्जन र दृष्टिकोणको परिपक्वताका कारणबाट परिवर्तन आउने गर्छ । यसरी परिवर्तन हुनमा समय, परिस्थिति सामाजिक अवस्था उमेरको परिपक्वता र अध्ययनको गहनता जस्ता कारणहरूले प्रभाव पारेका हुन्छन् । साढे छ दशकको निबन्धयात्रामा निरन्तर लागिरहेका निबन्धकार प्रधानको निबन्धयात्राका सम्बन्धमा विभिन्न विद्वानहरूले समग्र साहित्यिक यात्राको उल्लेख गरेका छन्

ती चरण र यात्राहरूमा प्रधानका समग्र कृतिहरू समेटिन नसकेकाले अधुरो नै रहेको देखिन्छ । कतिपय शोधार्थीहरूले प्रधानका निबन्ध सङ्ग्रह भन्दा फुटकर निबन्धलाई नै आधार बनाएर चरण विभाजन गरेका छन् । तर उनका फुटकर निबन्धलाई आधार मान्नु भन्दा सङ्ग्रहका रूपमा प्रकाशित भैसकेका निबन्धहरूलाई अध्ययन विश्लेषण गरी सङ्ग्रहको प्रकाशन समयका आधारमा निबन्धकार प्रधानको निबन्धयात्रा तय गर्नु सान्दर्भिक देखिन्छ । उनका प्रकाशित र प्राप्त निबन्धको लेखा जोखा गरी प्रधानको निबन्धयात्रालाई तीन चरणमा यसरी देखाउन सकन्छि :

१. प्रथम चरण वि.सं. २००४-२०२९

२. द्वितीय चरण वि.सं. २०३०-२०४६

३. तृतीय चरण वि.सं. २०४७- २०६७ अषाढ १७ सम्म)

१. प्रथम चरण वि.सं. २००४-२०२९

'झुत्रो लगा' (२००४) बाट निबन्धयात्रा प्रारम्भ गर्ने प्रधानको निबन्धयात्राको प्रथम चरण वि.सं २००४ देखि २०२९ सम्मको अवधिलाई मान्न सकिन्छ । नेपाली

साहित्यमा निबन्ध विधाले विधागत परिचय र सामर्थ्य देखाउन थालेको अवस्थामा उनी निबन्ध लेखनतर्फ लागेका हुन् । उनका यस चरणका अन्य निबन्धहरू "मरिसकेर पनि म बाँचिरहूँ '(२००५ साहित्य स्रोत) 'धनी गरिबको सङ्गम' (२००५ उदय), 'शिक्षाको रूप' (२००७, भारती) 'युद्ध होइन शान्ति' (२००७, भारती) रहेका छन् । यी निबन्धहरू कुनै सङ्ग्रहमा प्रकाशित नभई उपर्युक्त पत्रिकाहरूमा प्रकाशित भएका हुन् । (लुइँटेल, २०५३:.२०) ।

यस पछिका निबन्धहरू हेर्दा २००७ सालको राजनितिक परिवर्तनदेखि २०१७ सालसम्म उनी निबन्धलेखनमा शिथिल बन्न गएका देखिन्छन् । यस अवधिमा प्रधान विधा परिवर्तन गर्दै समालेचना लखेनतर्फ सक्रिय हुन पुगेका छन् । २०१९ साल देखि लेखनतर्फ लागेका प्रधानका यस चरणका अन्य निबन्धहरू सालिक (२०२६) निबन्धसङ्ग्रहमा प्रकाशित छन् । 'सालिक' मा सङ्कलित निबन्धहरू निम्न लिखित छन् :

१. गीतको दाम कविताको भाउ मानिसको मोलतोल
२. उन्मत्त भैरवका श्रद्धालुलाई
३. शव सालिक : विद्रोह
४. आत्महत्याको अंगालोमा
५. लिङ्गपुराणदेखि लिङ्ग साहित्यसम्म
६. भ्यागुतोलाई फाँसी र मुसालाई आजन्म कैद
७. टाइटपिट किरमिर रेखाको ड्याश
८. कीलामा ठोकिएको जिन्दगीका केही पानाहरू

यी बाहेक २०२७ सालमा 'शिक्षाले साँस्कृतिक जीवनमा पार्ने भूमिका' भन्ने निबन्ध हाम्रो संस्कृति नामक पत्रिकामा प्रकाशित छ र यो कुनै सङ्ग्रहमा सङ्ग्रहित छैन । यिनै निबन्धहरूलाई विश्लेषण गरेर हेर्दा उनको यस चरणको प्रमुख विशेषताका रूपमा यौनमूलक विषयवस्तु रहेको छ । उनको 'लिङ्गपुराणदेखि लिङ्गसाहित्यसम्म' निबन्धमा मानवीय जीवनमा यौनको महत्त्व  र व्याप्तिलाई देखाइएको छ । त्यसै गरी 'उन्मत्त भैरवका श्रदालुलाई' निबन्धमा उनले यौन स्वतन्त्रताको वकालत गरेका छन् । यस बाहेक उनका अन्य निबन्धहरूमा परम्परागत कलामा निम्न कार्यको भावना अङ्कित भएको देखाउनु, नेपाली परिवेशको चित्रण, साहित्यकारको आस्थाको चित्रण,

सालिक पूजाको विरोध, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार, मानवजीवनको अस्तित्व बोध गराउन, सामाजिक यथार्थका चित्रण, असल काम गर्नेप्रति प्रोत्साहन, आर्थिक असमानताको विरोध, शिक्षाको तत्त्व माथि प्रकाश र राजनीतिक विश्लेषण गर्नु जस्ता विशेषताहरू देखिन्छन् ।

यस चरणका उनका प्रवृत्तिहरूलाई केलाउने हो भने उनी समालोचनात्मक पद्धतिलाई अंगाल्ने निबन्ध लेखकका रुपमा देखिन्छन् । उनका प्रायः जसो निबन्धमा नेपालको साँस्कृतिक आस्तित्त्व, राष्ट्रिय चेतना र युगीन सन्दर्भले नेपाललाई पारेको प्रभावप्रति चिन्तन अत्याधिक रुपमा देख्न पाइन्छ । उनी हुनत मूलतः समालोचक हुन् । तपाथि उनको त्यो प्रवृत्ति उनका निबन्धमा पनि देख्न पाइन्छ । त्यसै गरी निबन्धमा भएका विषय वस्तुलाई निबन्धकै माध्यमबाट मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्नु पनि उनको यस चरणको उपलब्धी हो । शालिक, लिङ्गपुराण देखि लिङ्ग साहित्यसम्म, उन्मत्त भैरवका श्रद्धालुलाई र शिक्षाले साँस्कृतिक  जीवनमा पार्ने भूमिका जस्ता निबन्धले उनको मनोवैज्ञानिक विश्लेषण गरिएको छ । उनका निबन्धमा देखापरेका विषयवस्तु र त्यसको पठनसँगको अर्न्तसम्बन्धलाई केलाउनमा समालोचकीय पद्धति आङ्गीकार गरे पनि उनको चिन्तन र विश्लेषण यस चरणमा मनोवैज्ञानिक भएर देखिएका छ ।

**२. द्वितीय चरण (वि.सं. २०३०-२०४७ सम्म)**

वि.सं. २०३० देखि कृष्णचन्द्र सिंह प्रधानको निबन्धयात्राको दोस्रो चरण शुरु हुन्छ । दोस्रो चरणमा आइपुग्दा उनी अलिक साँस्कृतिक देखिएका  छन् । यस चरणमा उनका निबन्धहरू प्रगतिबादतिर ढल्किएका छन् । देशको अवस्थाप्रति चिन्तित भएका बेला लेखिएका प्रायः निबन्ध यस चरण भित्र परेका छन् । कृष्णचन्द्रसिंह प्रधानले यस चरणमा लेखेका निबन्धहरू अनाम सत्य (२०४३) र ‘पाइला आगतमा टेकेर’ (२०४७) दुईवटा निबन्ध सङ्ग्रहमा सङ्ग्रहित छन् । यिनीहरूलाई यसरी देखाइन्छ :

क) अनाम सत्य (२०४३) मा सङ्कलित निबन्धहरू

१. आँखामा गन्तोक बोकेर

२. साहित्य र हावा पानी

३. रात ओढेर जागेको छु रात ओढेर निदाइदिन्छु ।

४. लौ आयो साबुन सेर्पा यो !

५. विसङ्गति केही उनीहरूका केही आफ्नै पनि

६. कान्तिपुरमा अलकापुरीको खेती

७. घोडदौडका घोडाहरू र म

८. शङ्कर-गोरेटोको सम्झनामा अर्को एक पेग !

९. शाश्वत व्यङ्ग्यकारको स्मृतिमा

१०. सम ! विशुद्ध मान्छे बन

११. संस्करण रोचक भएन कि ?

**ख) पाइलाः आगतमा टेकर (२०४७) मा सङ्कलित निबन्धहरू**

उनको यो निबन्धसङ्ग्रह वि.सं. २०४७ सालमा प्रकाशित भए पनि यसमा सङ्ग्रहित सबै निबन्धहरू वि.सं. २०४६ सालको जनआन्दोलनभन्दा अगाडि लेखिएको हो । निबन्धात्मक विशेषता पनि 'अनाम सत्य' निबन्धसङ्ग्रहसँग मिल्ने र विभिन्न पत्रपत्रिकामा पनि २०४६ साल भन्दाअगाडि नै छापिएकाले उनको यो तेस्रो निबन्ध सङ्ग्रहलाई पनि द्वितीय चरणमा नै राखेर विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू यस प्रकार छन् :

१. फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू

२. मेरो यात्रा टुकुचादेखि विष्णुमतीसम्म

३. डरको छायामा रोबोटको जन्म

४. सन्दर्भ काठमाण्डु : नेपालको परिप्रेक्ष्यमा

५. गौतमबुद्धको चिठ्ठीः अशोकको नाममा

६. एउटा बकपत्रः आफ्नै विरोधमा

७. शव्द ब्रह्म

८. सटक फट्टिदैछ ।

९. मेरा आँखामा उत्तम कुँवर

१०. खडेरीको मौसमलाई शुभकामना

११. आस्थाको द्वीपमा मान्छे

१२. पाइला : आगतमा टेकेर/एक

१३. पाइला : आगतमा टेकेर/दुई

उपर्युक्त निबन्धहरूलाई विश्लेषण गर्दा यस चरणमा जम्मा पच्चीसवटा निबन्धहरू निबन्धको विषयवस्तु व्यक्तिप्रधान रहेको पाइन्छ । उनको 'शङ्कर-गोरेटोका सम्झनामा अर्को एक पेग ! 'निबन्धमा साहित्यकार सङ्कर लामिछानेमा सामाजिक विसङ्गतिको प्रभाव देखाएका छन् भन्ने 'शाश्वत व्यङ्ग्यकारको स्मृतिमा' निबन्धमा साहित्यकार भैरव अर्यालले नेपाली समाजमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरेका छन् । त्यस्तै 'सम ! विशुद्ध मान्छे बन' भन्ने निबन्धमा राणा खानदानमा जन्मेका साहित्यकार बालकृष्ण समको साहित्यिक र लेखकीय सामर्थ्यको वर्णन गरेका छन् भने 'कान्तिपुरमा अलकापुरीको खेती' निबन्धमा काठमाडौंको विसङ्गतिसँग साहित्यकार भानुभक्तको अलकापुरी कान्तिपुरी नगरीको सम्बन्ध जोडेका छन् । त्यसै गरी 'मेरा आँखामा उत्तम कुवँर' निबन्धमा उनले उत्तम कुँवरको साहित्यिक सम्पादकीय योगदानको चर्चा गरेका छन् । उनको यस चरणका 'साहित्य र हावापानी, 'आँखामा गान्तोक बोकेर', जस्ता निबन्धमा साहित्य र साहित्यकारहरूप्रति सम्मान प्रकट गरिएको छ । यस बाहेक उनका अन्य निबन्धहरूमा समाजमा विद्यमान विसङ्गति र विकृतिप्रति व्यङ्ग्य गर्नु, प्राज्ञिक व्यक्तित्त्वमा गरिमाको अभाव, नेपालको विकास, राजनीति, साहित्यजस्ता कुरा विज्ञापनमा नै सीमित रहेको पाइएको छ । मानिसको दुःसाहसलाई प्रतीकात्मक रूपमा चित्रण गर्नु, राष्ट्रियताको भावनाको वकालत गर्नु, विश्व सभ्यताको चित्रण र नव निर्माणको निम्ति प्रेरणा, प्राकृतिक सौन्दर्यको वर्णन गर्नु, ऐतिहासिक सन्दर्भसहित अस्तित्वहीन नेपालीलाई व्यङ्ग्य गर्दै अस्तित्व बोध गराउनु, भारत नेपाल सम्बन्ध र भारतले लगाएको नाकाबन्धीको बिरोध गरी राष्ट्रियताको वकालन गर्नु, वर्तमान अस्तित्वहीन नेपालीको चित्रण र अस्तित्वका लागि लड्नु पर्ने कुरामा जोड दिनु र नेपालीमा पविर्तनको सङ्केत गर्नु जस्ता विशेषताहरू यस चरणमा देखिन्छन् ।

उनका यी निबन्धहरूको विशेषताका आधारमा उनका यस चरणका निबन्धात्मक प्रवृत्तिहरूको विश्लेषण गर्ने हो भने उनी यस चरणमा प्रगतिवाद र राष्ट्रवादसँग एकात्मक भएका देखिन्छन् । साहित्यमा आएको विगविगी कुप्रथाप्रति चिन्तित हुँदै देशको हितका निम्ति साहित्यको सदुपयोग हुनुपर्ने देशको राष्ट्रियता गुम्दै गइरहेको वेला देशभक्तिका अभिव्यक्तिबाट नै साहित्यको मर्म दिगन्त फैलिन सक्छ भन्ने विचार उनका यस चरणका निबन्धहरूमा देखिन्छ । देशको साँस्कृतिक

अवस्थाप्रति चिन्तित हुँदै राष्ट्रको स्वाभिमानलाई उठाउन सचेत हुन आवश्यक छ भन्ने कुराको वकालत उनी आफ्ना निबन्धमा गर्दछन् । त्यसै गरी सामाजिक कुसंस्कारको जरा गाडेको हाम्रो देशमा उनी सचेत हुन खोजेका छन् । आफ्ना निबन्ध मार्फत राष्ट्र र राष्ट्रियताको वकालत गर्नु सामाजिक कुसस्कारका विरुद्ध आवाज उठाउनु र साहित्यमै आएको फिका पनलाई हटाउनु पर्दछ भन्ने मान्यता राख्ने प्रधान मुलतः सुधारवादी देखिन्छन् ।

यसरी प्रगतिवादी, राष्ट्रवादी र सुधारवादी प्रवृति उनका यस चरणका मूल प्रवृति हुन् ।

**३. तृतीय चरण (वि.सं. २०४७ देखि २०६७ सम्म)**

वि.सं. २०४७ देखि प्रधानको निबन्धयात्राको तेस्रो चरण सुरु हुन्छ । यो चरण उनको निधन मिति २०६७ सम्म विस्तारित छ । उनको यो चरण निबन्ध लेखनको उत्कृष्ट चरण पनि हो । यस चरणमा उनले आफ्ना उत्कृष्ट र माझिएका निबन्धहरू लेखेका छन् । यस चरणका उनका निबन्ध सङ्ग्रहहरू 'वाग्मतीको हरक' (२०५७) 'समय सुनामी' (२०६३) हुन् । 'वाग्मतीको हरक' निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू यस प्रकार छन् :

१. दे जेनेरियोको वृक्षारोपण र वाग्मतीको हरक
२. नर वानर वंशका मान्छे, विक्रम र प्रजातन्त्र
३. शब्दलाई भन्नु छ
४. म खालि आफ्नै सृजना हुँ
५. जवाफ छैन
६. प्रजातन्त्रको दीर्घायुको कामना
७. प्रतिकूलताको सृष्टि मः नै मेरो सर्जक
८. शिखर दंश /राजनीतिक प्रदूषण
९. आस्थाको राजनीतिक हत्याको गन्ध र विश्वासको सङ्कट
१०. देवकोटा : केही स्मृति बिम्ब १
११. देवकोटा : केही स्मृति बिम्ब २

त्यसै गरी 'समय सुनामी (२०६३) निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू यसप्रकार छन् :

१. भूमिगत
२. आतङ्कको आकाशमा छाएको सङ्कट
३. हत्याको सन्दर्भ : आस्थाको हवन
४. मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू
५. आतङ्कको पहाड र ङ्वाङ् जस्तै ओरोहीको खोज
६. मान्छे जङ्गबहादुर भएछन् ।
७. घोषणा घाट र स्वास्थ्यलाभको कामना
८. आस्थाका साँधहरू
९. एउटा पोर्ट्रेट उसको पनि

वि.सं. २०४६ सालको जन आन्दोलनपछि साहित्यकारहरूले आफ्ना भावनालाई खुलेर अभिव्यक्त गर्न पाएका छन् । जन आन्दोलनको प्रभाव निबन्धकार प्रधानमा पनि परेको पाइन्छ । उनले यस चरणका निबन्धमा आफ्ना अभिव्यक्तिलाई पहिलेका तुलनामा स्पष्ट व्यक्त गर्न थालेका छन् । प्रजातन्त्रको खुला वातावरणमा उनले आफ्ना निबन्धमा समसामयिक राजनीतिका विषयमा समेत खुलेर आफ्नो अभिमत प्रकट गरेका छन् । उनको यस चरणको मुख्य विशेषताका रूपमा व्यङ्ग्य र आलोचना रहेको छ । उनले 'प्रजातन्त्रको दीर्घायुको कामना' निबन्धमा राजनीतिक पार्टीहरूले सत्ताका लागि गरेका विभिन ढाँटछल र स्वार्थ लिप्साको आलोचना गरेका छन् । त्यस्तै 'शब्दलाई भन्नु छ' निबन्धमा क्रान्ति सधैं सत्य हुने भएकाले शासक वर्गले होसियारीपूर्वक काम गर्नुपर्ने भावना अभिव्यक्त गरेका छन् भने 'शिखरदंश' ?

'राजनीतिक प्रदूषण' निबन्धमा राजनीतिक विसङ्गति र अस्थिरताको चित्रण गरेका छन् । अर्को 'नरवानर वंशको मान्छे', 'विक्रम र प्रजातन्त्र' मा वि.सं. २०४६ सालको जनआन्दोलन पछि पनि नेपाली जनताले कुनै राहत नपाएको कुरा अभिव्यक्त गरेका छन् । त्यस्तै 'आतङ्कको आकाशमा छाएको सङ्कट' निबन्धले शासकहरूमा आएको निहित स्वार्थलिप्साले गर्दा देश कसरी झन्झन् भासिँदै गयो, प्रजातन्त्र कसरी मासिँदै गयो भन्ने देखाउँछ । अघिदेखि जनताले गरेका बलिदान र सङ्घर्ष कसरी व्यर्थ हुँदै अन्धकारमा मिसिए भन्ने देखाँउछ । यी बाहेक उनका यस चरणका अन्य निबन्धहरूमा

औपचारिकतामा मात्र वातावरण सफा राख्ने राजनीतिक पार्टी र देशलाई व्यङ्ग्य गर्नु, हरेक विसङ्गतिको जवाफ दिने उत्तरदायित्ववाला कोही नभएको देखाउनु, जे नहुनु पर्ने हो त्यही भैरहेको कुराको चित्रण गर्नु, राजनीतिक आस्थाको आधारमा, मान्छेको साहसको चित्रण, बारुद र बन्दुकको बिरोध र जङ्गबहादुरको प्रवृत्ति यथावत् रहेको टिप्पणी गर्नु जस्ता विशेषताहरू देखिन्छन् ।

माथिका यी विभिन्न निबन्धहरूको विचार र मूल मर्मलाई हेर्दा तत्कालीन परिस्थिति यञ्चायती शासनको अवस्थामा लेखिएका निबन्धहरूको भावनाले नै उनका यस चरणका प्रवृतिहरूलाई उजागर गर्छ । मानवीय मूल्य र राजनीतिक संस्कार कुत्सित हुँदै गैरहेको तथा मान्छेमा मानवता हराएको प्रति चिन्तित बनेका निबन्धकार प्रधान यस चरणका आफ्ना निबन्धमा राजनीतिक अवस्था र मानवीय अधिकारको हननप्रति चिन्तित बनेका देखिन्छन् । प्रजातान्त्रिक परिपाटीमा देखिएको खरावप्रवृत्ति त्यसै गरी राजनीतिक खिचातानीले मानवीय मूल्य नै हराउन आँटेको अवस्थाप्रतिको चिन्तन उनका यस चरणका निबन्धहरूमा देखिन्छ । लोभ, लालच, घुसखोरी र सत्ता लिप्साका नराम्रा संस्कारले देशको र समग्र मानवको नै अस्तित्व मेटिँदै गैरहेकोप्रति यिनले त्यसका सन्दर्भमा आफ्ना मौलिक चिन्तनहरू पस्केका छन् ।

समग्रमा यिनै मौलिक चिन्तहरूका आधारमा राष्ट्रवाद, मावनतावाद र अस्तित्व वादजस्ता चिन्तन र प्रवृत्ति उनको यस चरणमा भेटाउन सकिन्छ ।

यस अनुसन्धानमा कृण्णचन्द्र सिंह प्रधानका पाँच सङ्ग्रहका सम्पूर्ण निबन्धहरू समेटी निम्न रूपमा वर्गीकरण तालिका प्रस्तुत गरिएको छ ।

## २.४ कृष्णणचन्द्रसिंह प्रधानका निबन्धको तालिकागत वर्गीकरण

| क्र.सं. | शीर्षक | (क) विषयका आधारमा वर्गीकरण | | | | | | | | (ख) अभिव्यक्तिका आधारमा वर्गीकरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामाजिक | सांस्कृतिक ऐतिहासिक | मनोवैज्ञानिक | प्राकृतिक | शैक्षिक साहित्यिक | दार्शनिक | वैयक्तिक | राष्ट्रिय | भावनात्मक | विवरणात्मक | वर्णनात्मक | विचारात्मक |
| १. | झुत्रो लुगा | √ | | | | | | | | | | | √ |
| २. | मरिसकेर पनि म बाँचिरहुँ | | | | | | √ | | | | | | √ |
| ३. | धनी र गरिबको संगम | | | | | | | | | | | | √ |
| ४. | शिक्षाको रूप | | | | | √ | | | | | √ | | |
| ५. | युद्ध होइन शान्ति | | | | | | √ | | | | | | √ |
| ६. | लिङ्ग पुराण ...... | | | √ | | | | | | | √ | | √ |
| ७. | भ्यागुतोलाई ......... | | √ | | | | | | | | | | √ |
| ८. | पाइला आगतमा . १ | √ | | | | | | | | √ | | | |
| ९. | पाइला आगतमा . २ | √ | | | | | | | | √ | | | |
| १०. | किलामा ठोएिको .... | | | | | | | √ | | | | | √ |
| ११. | गीतको दाम ..... | | | | | √ | | | | | | | √ |
| १२. | उन्मत्त भैरव ..... | | | √ | | | | | | | | | √ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | शव सालिक विद्रोह | | √ | | | | | | | | | | √ |
| १४. | टाइट फिट | √ | | | | | | | | | | | |
| १५. | शिक्षाको सांस्कृतिक | | | | | √ | | | | √ | | | |
| १६. | आत्महत्याको अँगोलामा | √ | | | | | | | | | | | √ |
| १७. | शंकर गोरेटोमा | | | | | √ | | | | √ | | | |
| १८. | साहित्य र हावापानी | | | | | √ | | | | √ | | | |
| १९. | शाश्वत व्यङ्ग्य | | | | | √ | | | | √ | | | |
| २०. | आखिरी थोपा ... | √ | | | | | | | | | | | √ |
| २१. | रात ओढेर | √ | | | | | | | | | | | √ |
| २२. | आखाँमा गान्तोक | | | | √ | | | | | | √ | | |
| २३. | संस्मरण रोचक भएन | | | | | √ | | | | √ | | | |
| २४. | सम विशुद्ध .... | | | | | √ | | | | √ | | | |
| २५. | लौ आयो साबुन शेर्पा यो | √ | | | | | | | | | | | √ |
| २६. | खडेरीको मौसम | | | | | √ | | | | √ | | | √ |
| २७. | विसंगति केही ...... | | | | | √ | | | √ | | | | √ |
| २८. | कान्तिपुर ... | | | | | √ | | | | | | | √ |
| २९. | घोडा दौडका .... | | √ | | | | | | | | | | √ |
| ३०. | फेवातालमा मुक्तक .... | | | | √ | | | | | √ | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१. | मेरो यात्रा .... | √ | | | | | | | | √ | | | |
| ३२. | डरको छायाँमा .... | | | | | | √ | | | | | | √ |
| ३३. | सन्दर्भ काठमाडौं .... | √ | | | | | | | | | | √ | |
| ३४. | गौतम बुद्धको चिठी ....... | | | | | | | | √ | √ | | | |
| ३५. | एउटा बकपत्र .... | | | | | | | √ | | | √ | | |
| ३६. | शब्द ब्रह्म | | | | | | √ | | | | | | √ |
| ३७. | सटक फाट्टिदैछ ..... | √ | | | | | | | | | | | √ |
| ३८. | आस्थाको द्वीप | | | | | | √ | | | | | | √ |
| ३९. | रियोदेजने .... | √ | | | | | | | | | | √ | |
| ४०. | शब्दलाई भन्नु छ | | | | | | √ | | | | | | |
| ४१. | म खाली आ..... | | | | | | | √ | | | √ | | |
| ४२. | नर वानर वंश ..... | √ | | | | | | | | √ | | | |
| ४३. | मेरो आँखामा उत्तम. | | | | | √ | | | | √ | | | |

| शीर्षक | (ग) शैलीका आधारमा वर्गीकरण | | | (घ) कथन ढाचाँका आधारमा वर्गीकरण | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यङ्ग्य विवेचनात्मक | | | आत्म लापमूलक | वक्तव्य मूलक | सम्बोधनात्मक | पत्रात्मक |
| झुत्रो लुगा | √ | | | √ | | | |
| मरिसकेर पनि म बाँचिरहुँ | √ | | | √ | | | |
| धनी गरिबको संगम | | | √ | | √ | | |
| शिक्षाको रूप | | | √ | | √ | | |
| युद्ध होइन शान्ति | √ | | | | √ | | |
| लिङ्ग पुराण ...... | | | √ | | √ | | |
| भ्यागुतोलाई ......... | √ | | | | | √ | |
| पाइला आगतमा .... १ | | | √ | | √ | | |
| पाइला आगतमा ... २ | | | √ | | √ | | |
| किलामा ठोऐको ...... | √ | | | | | √ | |
| गीतको दाम ....... | | | √ | | √ | | |
| उन्मक्त भैरव ..... | | | √ | √ | | | |
| शव सालिक विद्रोह | √ | | | √ | | | |
| टाइटफिट | √ | | | √ | | | |
| शिक्षाको सांस्कृतिक | | | √ | √ | √ | | |
| आत्महत्याको अँगोलामा | √ | | | √ | | | |
| शंकर गोरेटोको सम्झनामा | | | | | √ | | |
| साहित्य र हावापानी | | | √ | | √ | | |
| शाश्वत व्यङ्ग्यकार | | | | √ | | | |
| आखिरी थोपा ... | √ | | | √ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रात ओढेर | √ | | | √ | | | |
| आँखामा गन्तोक | | | | √ | | | |
| संस्मरण रोचक भएन | | | | √ | | | |
| सम विशुद्ध .... | | | | | | √ | |
| लौ आयो साबुन शेर्पा... | √ | | | | | | |
| मेरा आँखामा उत्तम | | | √ | | | | |
| खडेरीको मौसम | | | √ | | | | |
| विसंगति के हो ...... | √ | | | | | | |
| कान्तिपुर ... | √ | | | √ | | | |
| घोडा दौडका .... | | | | | | | |
| फेवातालमा मुक्तक .... | | | √ | √ | | | |
| मेरो यात्रा .... | √ | | | √ | | | |
| डरको छायाँमा .... | | √ | | | | √ | |
| सन्दर्भ काठमाडौं .... | √ | | | | √ | | |
| गौतमबुद्धको चिठी ....... | √ | | | √ | | | |
| एउटा बकपत्र .... | √ | | | √ | | | |
| शब्दब्रम्हा .... | √ | | | √ | | | |
| सटक फाट्टिदैछ ..... | √ | | | | | √ | |
| आस्थाको द्विप | | √ | | | √ | | |
| रियोदेजने .... | √ | | | | √ | | |
| शब्दलाई भन्नु छ | √ | | | √ | | | |
| म खाली आफ्नै..... | | | √ | √ | | | |
| नर वानर वंश ..... | √ | | | | √ | | |
| भूमिगत | √ | | | | √ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आतङ्कको आकाशमा छायाँको सङ्कट | | √ | | √ | | | |
| हत्याको सन्दर्भ : आस्थाको हवन | √ | | | √ | | | |
| बोधिवृक्षको बगैंचा | | √ | | | √ | | |
| अनुकूलताको खोजीमा | √ | | | | √ | | |
| मान्छे हराएको मान्छे ….. | | √ | | | √ | | |
| आतङ्कको पहडा र डवाङ् ….. | | √ | | | √ | | |
| मान्छे जंगबहादुर भएछन् | √ | | | | √ | | |
| घोषणा घाट र स्वास्थ्य …. | | √ | | | √ | | |
| आस्थाका साँधहरू | | √ | | | √ | | |
| एउटा पोर्ट्रेट उसको पनि | | √ | | | √ | | |

## ङ) शीर्षकीय आधारमा निबन्धहरूको वर्गीकरण

## १. पदावलीगत शीर्षक

| दुई पद | तीन पद | चार पद | पाँच पद | छ पद |
|---|---|---|---|---|
| झुत्रो लुगा | धनी गरिबको संगम | टाइट फिट किर मिर | भ्यागुतोलाई फाँसी मुसालाई आजन्म कैद | गीतको दाम |
| शिक्षाको रूप | युद्ध होइन शान्ति | रेखाको ड्यास | पाइला आगतमा टेकेर एक/दुई | कविताको भाउ |
| आत्महत्याको अँगालोमा | उन्मत भैरवका श्रद्धालुलाई | सम विशुद्ध मान्छे बन | कीलामा ठोकिएको जिन्दगीका केही पानाहरू | मान्छेको मोलतोल |
| शब्द ब्रह्मा | शव सालिक विद्रोह | संस्मरण रोचक भएन कि ? | लौ आयो साबुन शेर्पा यो | शंकर गोरेटोको सम्झनामा अर्को एक पेग |
| सटक फाट्टिदैछ | शास्वत व्यङ्ग्यकारको स्मृतिमा | डरको छायामा रोबोटको जन्म | घोडा दौडका घोडा र म | रात ओढेर जागेको छु रात ओढेर निदाइदिन्छु, |

| | | | | |
|---|---|---|---|---|
| | आखिरी थोपा ग्याम्बे | मेरो यात्रा टुकुचादेखि विष्णुमतिसम्म | फेवातालमा मुक्तक | विसंगति केही उनीहरूका केही आफ्नै पनि |
| | आँखामा गान्तोक बोकेर | सन्दर्भ काठमान्डुको नेपालको परिप्रेक्ष्यमा | नरवानर वंशको | |
| | खडेरीको मौसमलाई शुभकामना | गौतम बुद्धको चिठी अशोकको नाउँमा | म खाली आफ्नै सृजना हुँ | |
| | कान्तिपुरका अलकापुरीको खेती | एउटा वकपत्र .... | | |
| | आस्थाको द्विपमा मान्छे | रियोदेजेने .... | | |
| | शब्दलाई भन्नु छ | | | |

## २. वाक्यात्मक शीर्षक

| **कथानात्मक** | **प्रश्नात्मक** | **विध्यर्थक (इच्छार्थक)** |
|---|---|---|
| रात ओढेर बसेको छु, रात ओठेर निदाइ निन्छु । <br> लौ आयो सावुन शेर्पा यो / सकट फाटिदैछ । | संस्मरण रोचक भएन कि ? | सम विशुद्ध मान्छे बन, मरिसकेर पनि वाचिरहुँ <br> म खाली आफ्नै सृजना हुँ / शब्दलाई भन्नु छ । |

## ३. विभक्ति युक्तशीर्षकहरू

| आदिपदमा | मध्यपदमा | अन्त्य पदमा | विभक्ति नभएका |
|---|---|---|---|
| मेरो आँखामा उत्तम कुँवर<br>मेरो यात्रा टुकुचादेखि विष्णुमती सम्म | धनी गरिबको संगम<br>शिक्षाको रूप<br>भ्यागुतोलाई फाँसी मुसालाई आजन्म कैद<br>पाइला आगतमा टेकेर १/२<br>गीतको दाम कविताको भाउ<br>मान्छेको मोलतोल<br>आत्महत्याको अँगोलोमा<br>टाइटफिट किरमिर रेखाको ड्यास<br>शिक्षाले साहित्यमा पार्ने भूमिका<br>शंकर गोरेटोको .....<br>आँखामा गान्तोक बोकेर<br>खडेरीको मौसमलाई शुभकामना<br>कान्तिपुरमा अलकापुरीको खेती<br>घोडा दौडका घोडा र म<br>विसंगतिमा केही उनीहरूका केही आफ्नै पनि<br>फेवातालमा मुक्तक ...<br>डरको छायामा रोबोटको जन्म<br>सन्दर्भ काठमान्डु परिप्रेक्ष्य नेपालको<br>गौतमबुद्धको चिठी अशोकका नाउमा<br>आस्थाको द्विपमा मान्छे<br>रियोदेजेने .....<br>नरवानर वंशको | लिङ्गपुराणदेखि लिङ्ग साहित्य सम्म<br>उन्मत्त भैरवका श्रद्धालुलाई<br>कीलामा ठोकिएका जिन्दगीका पानाहरू<br>एउटा वकपत्र आफ्नै विरोधमा | झुत्रो लुगा<br>युद्ध होइन शान्ति<br>शव सालिक विद्रोह<br>आखिरी थोपा ग्याम्बे<br>शब्द ब्रह्मा<br>सटक फाट्टिदैछ |

## २.५ निष्कर्ष

वस्तुतः निबन्धकार प्रधानको निबन्धयात्राको प्रथम चरण विषय छनौट तिर आकृष्ट देखिन्छ । सामाजिक, साहित्यिक, वैयक्तिक र आदर्शवादी जस्ता विषयमा उनी केन्द्रित देखिन्छन् भने निबन्धात्मक भाषाशैली र संरचनागत दृष्टिकोण पनि कसिएको पाइँदैन । प्रधानको निबन्धकारिताको दोस्रो चरण संङ्ख्यात्मक र गुणात्मक दृष्टिले महत्त्वपूर्ण देखिन्छ । यस चरणमा उनले विषयवस्तुलाई भावनात्मक भन्दा वैचारिक गहनताले भरिपूर्ण बनाएका छन् । उनले यस चरणमा सामाजिक विसङ्गति मनोविज्ञान, साहित्य, राजनीति आदि विविध विषयवस्तुमा निबन्ध लेखेका छन् । उनले यस चरणमा प्रगतिशील स्वर, सुधारात्मक र अस्तित्ववादी चेत, परिवर्तनको चाहना, स्वस्थ समाजको परिकल्पना, राजनीतिक रूपमा स्वतन्त्र अभिव्यक्ति प्रतिबन्धित रहेकाले समाजमा विद्यमान विकृति तथा विसङ्गतिलाई प्रतीकात्मक तथा व्यङ्ग्यात्मक रूपमा प्रकट गरेका छन् । शैलीगत नवीनता, तार्किकता, बौद्धिकता, परिष्कृत भाषाशैली यस चरणमा प्रयोग गरेका छन् । प्रधानको तेस्रो चरणमा पूर्वचरणको अस्तित्ववादी चेतलाई यथावत् राख्दै राजनीतिक उतारचढावलाई विशेष महत्त्व दिने, देशमा भएका घटनालाई प्रतीकात्मक रूपमा ब्यक्त गर्ने, आफ्ना निजी भोगाइलाई सार्वजनिक गर्ने, भनाइलाई स्पष्ट पार्ने, भाषाशैली परिष्कार र परिमार्जन गरी परिपक्व निबन्ध लेखेका छन् ।

# तेस्रो परिच्छेद

## कृष्णचन्द्रसिंह प्रधानको निबन्धलेखनमा वैचारिकताको अभिप्रेरक आधार

### ३.१ परिचय

प्रस्तुत परिच्छेदमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका निबन्धलेखनका पृष्ठभूमिको अध्ययन गरी उनको निबन्धलेखन यात्राको वैचारिक अभिप्रेरक परिवेशहरू निरूपण गरी उनका विचारहरू आँकलन के-कसरी भएका छन् भन्ने अध्ययन विश्लेषण गरिएको छ ।

### ३.२ कृष्णचन्द्रसिंह प्रधानको वैचारिकताको अभिप्रेरक परिवेश

#### ३.२.१ पारिवारिक पृष्ठभूमि

कृष्णचन्द्रसिंह प्रधानको पिताको नाम सूर्यप्रसाद हो भने माताको नाम सूर्यमाया हो । सूर्यप्रसादका पाँचभाई थिए । जेठा हृदयचन्द्रसिंह प्रधान हुन् भने साहिला छोराका गोविन्दप्रसाद प्रधान अर्थात् कृष्णचन्द्रसिंह प्रधान हुन् । बाजे तात्कालिक समयमा सरदार पदमा थिए (आचार्य, २०४३:१) । बाजेले राणाहरूको मुन्सीको कार्य गर्दथे । त्यस समयमा मुन्सी भन्नाले परराष्ट्रसम्बन्धी मामला सम्हाल्नेलाई बुझिन्थ्यो । त्यसैले उनका बाजेले राणाहरूलाई बेलाबखत आवश्यक सरसल्लाह दिने गर्थे । यसबाट के देखिन्छ भने प्रधानको परिवार बाजेदेखि नै सचेत थियो । पिता सामान्य रूपमै रहे पनि उनका जेठा दाजु हृदयचन्द्रसिंह प्रधान एक उच्च व्यक्तित्व भएका साहित्यकार थिए । जसको प्रेरणाले उनलाई अभिप्रेरित गरेको देखिन्छ । सानैदेखि बोल्न नडराउने स्वभाव उनको थियो ।

यसरी प्रधानको पारिवारिक पृष्ठभूमिबाट के देखिन्छ भने उनको परिवार सचेत रूपमा रहेको र उनमा विचार पलाउन धेरथोर सहयोग परिवारबाटै आरम्भ भएको भन्न सकिन्छ ।

#### ३.२.२ अध्ययन अध्यापन

कृष्णचन्द्रसिंह प्रधानले पाँच वर्षको उमेरमा अक्षराम्भ गरेका थिए । वीरगञ्जको जुद्धोदय माध्यमिक विद्यालयमा कक्षा एकमा भर्ना भएका थिए । उनी एघार वर्षको

उमेरमा कक्षा ६ मा पढ्दै थिए । कक्षा ६ को शुल्क तिर्न नसकेर प्रधानले बीचैमा विद्यालय जान छोड्नु परेको थियो (२०४३ :४) । औपचारिक शिक्षाका रूपमा प्रधानले कक्षा ६ सम्म मात्र पुगेको देखिन्छ । त्यो पनि शुल्कका कारण विचैमा छोड्नु परेको थियो । उनी स्कुल कलेज गएर विद्या आर्जन गर्न नसके पनि उनी भन्छन् - "यी सौभाग्बाट म वञ्चित भएँ । भाग्यले मलाई रचेन, मैले नै भाग्यको रचना गर्नुपऱ्यो । यसरी दुर्भाग्यको सृजना गरेको भाग्यवान् व्यक्ति म हुँ । दुःख पनि मानिनँ पश्चताप पनि गरिनँ अनि कहिल्यै विगतका दुर्भाग्यलाई सरापेर वर्तमानमा निराश भइनँ ।" उनी औपचारिक शिक्षाका लागि फाटफुट्ट गए पनि औपचारिक शिक्षा लिन अघि सर्न भ्याएनन् । औपचारिक शिक्षा हासिल गर्न नसके तापनि प्रधानले चाहिँ अरुलाई औपचारिक शिक्षा पनि अर्पण गरे । यिनले विद्यालय र कलेजमा प्राध्यापन पनि गरे । जनशिक्षाका लागि यिनमा रुचि पनि थियो । साहित्यको विकासका लागि यिनले संगठन पनि गरे (प्रसाई, २०६७) उनी स्वयं सेवक भएर पढाउँदा राणाविरोधी शिक्षा दिन्थे । त्यसले गर्दा ६ महिना जेल परे । थुनाबाट छुटेपछि २००६ सालमा तुलसी मेहरको अनुरोधमा नेपाली पढाउनका लागि उनी वर्मा गए (आचार्य, प्र.१२) । प्रधान शिक्षित नभए पनि उनमा शिक्षाप्रेम ओतप्रोत थियो । त्यसैले बीस वर्षको उमेरदेखि प्राथमिक स्कुलहरू स्थापना गराउन सक्रिय थिए । प्रधान मिलेर शान्ति निकुञ्ज हाईस्कुलको निर्माण गरेपछि उनी त्यही शिक्षक भए । त्यसबखत बाह्य रूपमा यी सामान्य शिक्षक भए तापनि भित्री रूपमा यी राणाशासनका कट्टर विरोधी थिए । परिणामस्वरूप उनी थुनामा परे । जेलबाट मुक्त भएपछि उनी भारतको मध्यप्रदेश पुगे । त्यहाँ अठार महिनासम्म आफ्नो योग्यताको प्रदर्शन गरेर यी नेपाल फर्के । त्यसपछि उनी कन्यामन्दिर हाई स्कुलका अध्यापक र स्कुलको सञ्चालक समितिका सचिव भए । त्यस ठाउँमा यिनले अठार वर्षसम्म अनवरत सेवा गरे । त्यसैबीच यिनले महेन्द्ररत्न कलेजमा पनि प्राध्यापन गरे (प्रसाई, २०६७ : १३) ।

यसरी कृष्णचन्द्रसिंह प्रधानको अध्ययन सामान्य रहे पनि आफ्नै बलबुद्धिले शैक्षिक ज्ञान हासिल गर्दै शैक्षिक चेतना बटुल्न पछि परेनन् । साथै यिनको चेतनामा शिक्षाको ज्योति फैलाउने महत्त्वकांङ्क्षा सानैदेखि रहेको बुझिन्छ । फलस्वरूप भारतको मध्यप्रदेशसम्म शिक्षा दिन र शान्ति निकुञ्ज हाईस्कुलको निर्माण एवं अध्यापक समेत

रहेकाले यिनमा शैक्षिक चेतमा तीव्र देखिन्छ । त्यसैले आफूलाई दुर्भाग्यले सृजना गरेको भाग्यवान् व्यक्ति मानेको भन्न सकिन्न । यरी प्रधानको अध्ययन अध्यापनको अनुभव पनि उनको वैचारिककता निर्माणको अभिप्रेरक आधार बन्न पुगेको छ ।

### ३.२.३ परिस्थिति

विश्वको कुनै कुनामा जन्मे पनि मान्छे आफ्नो जीवनका विभिन्न परिस्थितिले उसको कार्य, उद्देश्य र अभिरुचिका आधारमा अनेक स्थानमा पुगेका हुन्छ एवं अनेक कार्य गरेको हुन्छ । मानवजीवनको विकास र समुन्नतिका साथै जीवनवृत्तिका निम्ति पनि परिवेशको विभिन्नता आवश्यक हुन्छ । परिवेशका आधारमा नै मानवीय चिन्तनधारा उपलब्ध हुनुका साथै त्यसको विकास र परिष्कार समेत हुने हुँदा परिवेशले बाह्य र आन्तरिक दुवै रूपमा मनुष्यलाई प्रभावित र प्रेरित गरेको हुन्छ । त्यसैले मानिस परिवेश आबद्ध जीवनमा अभ्यस्त भएको हुन्छ । उसको समकालीन सामाजिक राजनीतिक, आर्थिक परिस्थितिले पनि व्यक्तित्वको निर्माण र निर्धारण गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । उपर्युक्त आधारमा प्रधानको साहित्यिक व्यक्तित्वका निर्माणमा प्रबल भूमिका भएका उनका जीवनका प्रमुख परिस्थितिको अध्ययन गर्नु वाञ्छनीय ठहर्छ ।

#### ३.२.३.१ सामाजिक राजनीतिक परिस्थिति

कृष्णचन्द्रसिंह प्रधानले आफ्नो पचासी वर्षीय जीवनकालमा अनेक प्रकारका सामाजिक-राजनीतिक परिस्थिति देखे व्येहोरेका थिए । जीवनका सुरुसुरुमा राणाहरूको एकतन्त्री शासनकालमा हुर्के एवं केही शिक्षित भए । राणाहरूका कारण समाज मौन वा जड थियो । शिक्षाको अवसरबाट नेपालीहरू वञ्चित नै थिए त्यसैले धेरै जनसमुदाय चेतनाशून्य हुनु स्वाभाविक थियो । प्रधानको बाल्यकाल केही समय वीरगञ्जतिर व्यतीत भएको देखिन्छ भने त्यहाँ राणाको प्रभाव छँदै थियो । यस्तो परिस्थितिमा नेपाली समाज शिक्षाबाट धेरै मात्रामा वञ्चित भए पनि प्राथमिक तहको अध्ययन गर्न सम्म भ्याएको देखिन्छ । एकतन्त्रीय जहाँनिया राणाशासनको सामाजिक राजनीतिक परिस्थिति (१९८२-२००७) २५ वर्ष सम्मको आफ्नो जीवनकाल भागेर त्यस विरुद्ध विद्रोही हुनु स्वाभाविक देखिन्छ । यसै पनि ठूलो स्वरमा बोल्ने मानिस राणाहरूको क्रियाकलाप सहन नसक्नु त्यस विरुद्ध आफ्नो चेतना विपरीत धारमा

उभिनु तत्कालीन चेतना जागृत हुनु हो भन्नुपर्छ । 'झुत्रो लुगा' (२००४) निबन्धबाट निबन्धगत यात्रा सुरु गरेका प्रधान तत्कालीन परिस्थिति पूर्ण रूपमा आफूमा आधार गरी आफ्नो चेतना वृद्धि गरिरहेको बुझिन्छ । उनी शिक्षक हुँदा पनि राणाविरोधी शिक्षा दिने गर्थे । प्रधानमा भित्री रूपमै भए पनि विद्रोही हुन तत्कालीक प्रभाव पूर्णरूपमा व्याप्त थियो ।

२००६ सालमा भारतको वर्मामा गई २००८ मा नेपाल फर्कदा उनको चेतनामा विकास भई, त्यहीबाट गान्धीवादी प्रभावमा आफू रहेको फर्कदा प्रधान प्रगतिशील विचार धाराका समर्थक भएर आएको बुझिन्छ (आचार्य, २०४३:१३) ।

त्यस्तै २०१५ सालको आम निर्वाचन, २०१७ देखि २०३६ सम्मको राजाको पञ्चायती व्यवस्था समेत भोगिसकेका प्रधान यस बीचमा भएका राजनीतिक चेतनाबाट अछुतो थिएनन् । यसै गरी २०४६ सम्म पनि नेपाली सामाजिक राजनीतिक अवस्था उस्तै थियो पञ्चायत व्यवस्था विरुद्ध प्रगतिशील विचार प्रकट गरिरहेका थिए ।

### ३.२.३.२ अन्तर्राष्ट्रिय परिस्थिति

कृष्णचन्द्रसिंह प्रधानको जीवनकाल (१९८२-२०६३) मा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा धेरै सानाठूला घटनाहरू भए । छिमेकी मुलुक भारतको स्वराज्यको लहर आउनुका साथै लामो औपनिवेशिक अङ्ग्रेजी शासनको समाप्ति भएर स्वराज्य कायम भएको थियो । यस बीचमा उनले गान्धीवादी दर्शनबाट प्रभाव पनि ग्रहण गरेका थिए । यसै गरी उत्तरको छिमेकी मुलुक चीनमा भएको साम्यवादी शासनको स्थापना र त्यसका निम्ति भएका अनेक सांस्कृतिक क्रान्ति तथा जनजागरणका लहरले पनि प्रधानको चेतनालाई छोएको र मानसिक विचार प्रस्फुटित हुने अवसर पाएको सजिलै आकलन गर्न सकिन्छ । यसैबीच प्रथम विश्वयुद्ध (२०१४-२०१८) दोस्रो विश्वयुद्ध ( २०३९-२०४५) समेत आधार मिलेको देखिन्छ । उपर्युक्त तथ्यले प्रधानको जीवनकालका राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा भएका सानाठूला घटना अझ राजनीतिक परिवेश एवं विश्वस्तरमा भएका सामाजिक, राजनीतिक र साहित्यिक गतिविधिका प्रभावहरूले प्रधानको चेतनालाई अझ जागृत गरेको देखिन्छ ।

#### ३.२.३.३ आर्थिक परिस्थिति

कृष्णचन्द्रसिंह प्रधानले औपचारिक शिक्षा पूर्णरूपमा हासिल गर्न नसक्नुको पछाडि उनको आर्थिक परिस्थिति कमजोर हुनाले नै हो किनभने उनले कक्षा ६ मा पढ्दापढ्दै शुल्क तिर्न नसकी स्कुल जान नै बन्द गर्नु पऱ्यो । यस तथ्यले उनको बाल्यकालीन आर्थिक अवस्था कमजोर नै देखिन पुग्यो तर आर्थिक दृष्टिमा पारिवारिक सम्पन्नता वि.सं १९८४ सम्म रहेको उनको बाजेको मुंशी कार्यबाट प्रस्टिन्छ । यो अवस्था उनको २ वर्ष अवस्था हो, यसबेला उनलाई अर्थको कुनै ज्ञानै नभएको बेला पनि हो । यसपछि उनको परिवार दयनीय हुँदै गएको देखिन्छ । प्रधानले सम्पन्न परिवारको अनुभव गर्न पाएनन् (आचार्य : २)

प्रधान बढ्दो उमेरसँगै आर्थिक अभावमा गुज्रनु पऱ्यो । बीचैमा अध्ययन छाड्नुपऱ्यो तर उनी केही न केही गर्न कहिल्यै पछि सरेनन् । पढाइलाई पनि उनले स्वाध्ययनमा ढाले । संघर्ष उनको विकल्प भयो र उनले सधैँ आफूलाई स्वाध्ययन र आर्थिक चिन्तनमा प्रवृत्त गर्नु पऱ्यो । यसरी नै आर्थिक अभावले उनलाई केही गरु भन्ने सधैँ लागि रह्यो तर हताश भने कहिल्यै भएनन् । फलस्वरूप उनी आफ्नो स्वाध्ययन, आय दुवैलाई सँगसँगै डोऱ्याउँदै अघि बढ्दै गए ।

जीवनको उत्तरार्द्धतिर समेत तात्कालिक सामाजिक राजनीतिक चेतना तीव्र भएको अवस्था थियो । अझ २०६२-६३ सालको गणतान्त्रिक आन्दोलन समेत देख्न भोग्न र यस विरुद्ध आफ्नो विचार प्रकट गर्न समेत पाएका प्रधानले चेतनाको स्तरमा ठूलै फड्को मारेको भन्न सकिन्छ । यस्ता सामाजिक राजनीतिक अवस्था भोगी प्रधानले आफूमा वैचारिकताको  निर्णय गरेको देखिन्छ । उनी अध्ययनशील भएका कारणले पनि उनको विचारको आँकलन सजिलै गर्न सकिन्छ । यसरी प्रधानको उपर्युक्त परिस्थितिले सृजना गरेका वैचारिक अभिप्रेरकका रूपमा लिनु स्वभाविक ठहर्छ ।

#### ३.२.३.४ भ्रमण

कृष्णचन्द्रसिंह प्रधान गान्धीवादमा विश्वास राख्दथे । स्वयंसेवक भएर कार्य गर्दा राणाविरोधी शिक्षा दिन्थे । त्यसले गर्दा जेल पनि परे । थुनाबाट छुटेपछि २००६

सालमा तुलसी मेहरको अनुरोधमा नेपाली पढाउन भारताको वर्मा गएका थिए । (आचार्य, २०४३ : १२) । उनको भ्रमण यहीबाट सुरु भएको थियो । यसैगरी नेपाल शान्ति समिति (२००८) को स्थापना भएपछि प्रधान यसको महामन्त्री भए । २०१३ सालमा श्रीलङ्काको राजधानी कोलम्बोमा भएको विश्वशान्ति सम्मेलनमा उनले प्रतिनिधि भएर भाग लिएका थिए । २०१३ सालमै भारतको दिल्लीमा भएको एसियाली लेखक सम्मेलनमा नेपालको तर्फबाट भाग लिएका थिए (आचार्य : १९) । यसै साल दक्षिण भारतको १५ दिने भ्रमण समेत उनले गरेका थिए ।

२०२८ सालमा सद्भावना मैत्री शिष्ट मण्डल भ्रमण अन्तर्गत ३ हप्तासम्म जनवादी गणतन्त्र चीनको भ्रमण पनि गरेका थिए । २०३३ सालमा जापानमा वितरण सम्बन्धी सेमीनारमा एक महिनाको भ्रमण समेत गरेका थिए । २०४२ सालमा नेपाल मैत्री संघको तर्फबाट दुई हप्तासम्म पाँच जनाको नेतृत्व गरी फेरि चीनको भ्रमण गरेको देखिन्छ (आचार्य, २०४३ : १२) । यसका अतिरिक्त नेपालकै विभिन्न स्थानहरूमा भएका भ्रमणले उनको वैचारिक चेतनालाई जागृत गराउन ठूलो भूमिका खेलेको देखिन्छ ।

### ३.२.४ दार्शनिक चिन्तनको प्रभाव

'दृश्यते ज्ञायते अनेन इति दर्शन' अर्थात् जो देखिन्छ, जानिन्छ त्यो नै दर्शन हो । दर्शनको व्युत्पत्तिगत अर्थ हेर्नु भएको 'दृशिर प्रेक्षणे' नामक धातुबाट भाव, कर्म र करण अर्थमा ल्युट प्रत्यय लागेर निष्पन्न हुन्छ । यसप्रकारको व्युत्पत्तिअनुसार देखिनु नै दर्शन हो भन्ने अर्थ बोध हुन्छ । करण व्युत्पतिअनुसार जो देखिन्छ, कर्म व्युत्पतिअनुसार जे वर्णन गर्ने, चारैतिर हेर्ने र ध्यान गर्ने भन्ने तात्पर्य अर्थमा पनि वस्तुत दर्शन शब्दले विचारको गहिराईलाई द्योतन गर्दछ । यसले बाहिरी रूपमा देखिनु मात्र नभई आन्तरिक रूपमा देखिनु, बुझ्नु, बोध गर्नु, आभाषित हुनु जस्ता अर्थ प्रकट गरेको हुन्छ (अर्याल, २०५७ : १३)

उपर्युक्त व्युत्पतिले दर्शनको गहिराइ निकै जटिल र कठिन छ भन्ने देखाउँछ । तापनि अलिकति विचार गर्ने सामर्थ्यमा यसको जटिलता र कठिनता दुवै सामान्य हुन जान्छन् । किनभने विचारले भाव जागृत गराउँदछ । जागृत भावमा अर्थतात्विकता प्रकट हुन्छ अर्थात् अर्थसंवेद्यता ग्रहण हुन्छ । यही नै दर्शन रूपमा प्रकट हुन्छ । दर्शन

शब्दको परम्परा पूर्व र पश्चिममा निकै लामो देखा पर्दछ । पूर्वमा आध्यात्मिक दर्शनको लामो परम्परा छ भने पश्चिमा पनि आध्यात्मिक भौतिक दुवै दर्शनको प्राचीन परम्परा भेटिन्छ । पूर्वमा देवताहरूबाट यसको प्रादुर्भाव भई वैदिक र लौकिक रूपमा दर्शन प्रचलित छ । पूर्वीय दर्शनको मूल आध्यात्मिक दर्शन हो । यहाँ आत्माको सर्वोपरिता हुन्छ । आत्माबाट नै समस्त संसार दृष्टिगोचर हुन्छ । तार्किक बुद्धि, प्रश्नशील जिज्ञासा, निरन्तर चिन्तन र सतत खोजपूर्ण अभ्यासद्वारा गरिने कुनै पनि विषयवस्तुको साङ्गोपाङ्गज्ञानलाई दर्शन शब्दले संकेत गरेको हुन्छ । त्यस्तै पश्चिममा आत्माभन्दा देहलाई प्रमुख मानी भौतिकवादी अर्थात् देहवादी धारणालाई दर्शनका क्षेत्रमा सर्वोपरी मान्ने गरिएको पाइन्छ । पूर्व र पश्चिममा दर्शनको आ-आफ्नै धारणा मान्यता भए तापनि यी दुईको लामो कालको परम्परा पाइन्छ ।

उपर्युक्त चर्चाबाट दर्शनको अर्थ र पूर्वीय पाश्चात्य परम्परा सुदीर्घ देखिन्छ । यस अध्ययनमा विचारका क्षेत्रमा दर्शनको चर्चा के-कसरी साहित्यमा प्रयोग भएको छ भनी कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूमा अवलोकन गर्नका लागि प्रधानका विचार कसरी दर्शनबाट प्रेरित छन् भन्ने खोजी गरिन्छ । त्यसैले प्रधानका विचार दर्शन क्षेत्रमा के-कसरी परेका छन् भन्दा कसरी प्रभावित छन् सो को खोजी तर्फ उन्मुख रहन निम्न रूपमा जान सकिन्छ ।

### ३.२.४.१ अध्यात्मवाद

'अध्यात्मवाद यो आत्मवादी दर्शन हो । यसको क्षेत्र आत्मा हो । आत्माबाटै हुने बोधलाई यसले अंगीकार गर्दछ । भौतिक विज्ञानले ठम्याउन नसकेको जीवन र प्रकृतिको स्वभावलाई निश्चित पद्धतिका साथ अनुसन्धान गरी अन्तिम निष्कर्ष दिने प्रयास यस दर्शनले दृश्यमान जीवनजगतको परिचालक तत्त्व सर्वशक्तिसम्पन्न र व्यापक छ भन्ने मान्यता व्यक्त गर्दछ । आध्यात्मवादी दार्शनिकहरू पूर्वमा धेरै रहेका छन् । उनीहरू आत्मतत्त्वको अन्वेषण देवताहरूबाट प्रारम्भ भएको देखिन्छ । उनीहरू अलौकिक तत्त्वको अन्वेषण ध्यान (मेडिटेशन) विभिन्न शास्त्रज्ञान आदिबाट हुन्छ भन्ने मान्यतामा आत्माको खोजी गर्दछन् । शरीर मरेर गए पनि आत्मा अजर अमर हुन्छ भन्ने मान्यता राख्दछन् (अर्याल, २०५७ : १४) ।

कृष्णचन्द्रसिंह प्रधानको निबन्धमा दार्शनिक वैचारिकताको अन्वेषणमा अध्यात्म्यवादले पनि ठूलो भूमिका खेलेको छ भन्ने उनको निबन्ध अध्ययनबाट थाहा हुन्छ । सुरुमा गान्धीबाट प्रभावित प्रधानले गान्धीको अहिंसालाई आत्मसात् गरेको देखिन्छ । गान्धीबाटै उनी चिन्तनमा प्रेरित देखिएका छन् । उनका निबन्धमा बुद्धको चर्चा पनि पाइन्छ र बुद्ध दर्शनको यथेष्ट प्रभाव पनि भेटिन्छ । त्यस्तै पश्चिमका क्राइष्ट, सुकरातका अध्यात्मवादी चिन्तनबाट पनि यिनी प्रभावित छन् । देवीदेउताको महिमा पनि गाउन पछि परेका छैनन् । यसले पनि प्रधान आध्यात्मवादबाट प्रभावित भई निबन्धमा यस सम्बन्धी विचार प्रकट गरेको सहजै ठम्याउन सकिन्छ । 'सोहम्‌को मन्त्रले अभिषिक्त मनुष्यद्वारा मन्त्रित शब्दले उद्‌बोधित जगत् सृष्टिको पनि सृष्टि हो' । यहाँ शब्दले अध्यात्मवादको त्यो अवस्थालाई द्योतन गर्दछ जहाँबाट कुनै प्रकारको इच्छा, आकांक्षा, यो सांसारिक क्षण भंगुरता नष्ट भई स्वयं देवत्व प्रदान गर्दछ । 'सोहम्' अर्थात् त्यो म हूँ (प्रधान, २०४७ : ६१) ।

कृष्णचन्द्रसिंह प्रधानमा आध्यात्मवाद ओतप्रोत थियो भन्न हिच्किचाउनु पर्ने देखिदैन । बरु उनी आध्यात्मवादलाई कहीँ पूर्ण रूपमा विचार प्रकट गर्छन् भने कहीँ आशिंक रूपमा तर यस दर्शनले उनी निकै प्रभावित भने रहेको देखिन्छ । फलस्वरूप आफ्ना निबन्धमा यसको मिश्रण गरी विचार प्रकट गरेका छन् ।

यसरी कृष्णचन्द्रसिंह प्रधान आध्यात्मवादी त थिए नै यसको आवश्यकता अनुरूप आफूमा चाहिएको विचार आफ्नो शैलीमा प्रयोग गरी निबन्ध लेखनमा प्रयोग गरेको देखिनाले उनी यसबाट प्रभावित रहेको कुरा उनका निबन्धको अध्ययनबाट थाहा पाइन्छ ।

### ३.२.४.२ प्रगतिवाद

प्रगतिवादी मान्यताअनुसार कलाकृतिमा विचारपक्ष र कलापक्ष जैविक एकताका रूपमा आउनुपर्छ । कलात्मक विचार र लेखकको संसारप्रतिको वा सांसारिक प्रक्रियाप्रतिको सैद्धान्तिक तथा दार्शनिक विचारका बीचमा पनि यसै गरी जैविक एकता स्थापित हुनुपर्छ भन्ने (गौतम, २०४९ फ) मान्नुका साथै विचार र कलाको समान आवश्यकता हुन्छ र प्रभावका सन्दर्भमा विचार पक्ष निर्णायक बन्न जान्छ (गौतम, २०४९ ब) प्रगतिवाद र मार्क्सवाद बिच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । हुन त

मार्क्सवादपूर्व पनि प्रगतिवाद रहेको तथ्य फेला पर्दछ भने मार्क्सवाद उत्तर पनि प्रगतिवाद रहेका विद्वानहरू मान्ने गर्दछन् । मार्क्सवादकै परिप्रेक्ष्यमा द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको रूपमा नै प्रगतिवादको जग अडेको छ । यही विचारलाई साहित्यमा अनुसरण गरी नयाँ दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । हिजो आज मार्क्सवादकै परिप्रेक्ष्यमा प्रगतिवादलाई हेर्ने दृष्टिकोण रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधानको वैचारिकताको उठान गर्ने प्रसङ्गका विभिन्न अवधारणा रहेको पाइन्छ । प्रधान मूलतः प्रगतिवादी हुन् भन्ने समालोचकहरूको ठहर रहेको पाइन्छ । खास गरी प्रधान विभिन्न वादबाट प्रभावित रही निबन्ध लेख्ने गर्दछन् । उनका यही विशेषताका आधारमा उनलाई प्रगतिवादी निबन्धका रुपमा हेर्न सकिन्छ । उनी मार्क्सवादबाट त्यत्तिकै प्रभावित पनि छन् । यो तथ्य उनको 'झुत्रोलुगा' निबन्धबाट प्रस्टिन आउँछ । प्रधानको निबन्धलेखन यात्रा २००४ देखि नै सुरु भएको हो । यो समय नेपाली समाजको अवस्था एकतन्त्रीय राणाशासनको चंगुलमा रहेको समय हो । यस बेला गान्धीवादमा विश्वास राख्ने प्रधान क्रमशः राजनीतिक चेतना विकसित हुँदै गएको समय पनि हो । उनी स्वयंसेवक भई पढाउँदा राणाविरोधी शिक्षा दिने गर्दथे । २००६ सालतिर उनी भारतको वर्मा भन्ने ठाउँमा गएका थिए । गान्धीवादी आश्रममा सेता लुगाको आडमा गरिने विभिन्न अपराधहरूको अनुभव र वामपन्थी विचारधाराका व्यक्तिहरूको सङ्गतले गर्दा समाजसेवी प्रधान राजनीतिक क्षेत्रतर्फ धकेलिए । यसरी गान्धीवादी प्रधान प्रगतिशील विचार धाराका समर्थक भएर नेपाल फर्के (आचार्य, २०४३ : १३) ।

वि.सं. २००७ सालमा 'युद्ध होइन शान्ति' (भारती २०१०) पत्रिकामा उक्त निबन्धलेखनले उनको विचारलाई प्रगतिवादतर्फको यात्रा पनि मान्न सकिन्छ । प्रगतिशील लेखक संघ (२००८) का उनी संस्थापक हुन् (आचार्य : १६) । २००७ सालपछिको सङ्घर्ष र केही खुला स्वतन्त्र वातावरणको अवधि हो । असफल क्रान्ति दिल्ली सम्झौता, विभिन्न जनवर्गीय सङ्गठनहरूको संघर्षसँगै साहित्यमा प्रगतिवादी चेतना प्रवल बन्दै गएको समय हो । (चापागाइ २०५१ : १३) यही समयदेखि एकातिर लेखन आरम्भ गरेका र अर्कातर्फ तात्कालिक राजनीतिक संघर्ष, राणाविरोधी भावमा

सामाजिक परिवर्तनको अवस्था आदिले प्रधानलाई प्रभाव गर्नुका साथै नयाँ विचार भावमा, उन्मुक्ति आदिले प्रगतिवादी बन्न झन् प्रेरित गऱ्यो ।

यसरी २००४ देखि निबन्ध लेखन यात्रा प्रारम्भ गरेका प्रधान उत्तरोत्तर विभिन्न दर्शनका सहारा लिएर निबन्धलाई जीवन्त तुल्याउने गरेको पाइन्छ (लुइटेल : १२५) । फलस्वरूप उनका निबन्धमा प्रयोगशीलता पनि बढ्दै गएको देखिन्छ ।

संक्षेपमा उनका निबन्ध लेखनका पृष्ठभूमि अवस्था र विकासमा प्रगतिवादको प्रबल छाप रहेको देखिन्छ । यसबाट उनी प्रगतिवादी निबन्धकारका रुपमा स्थापित देखिन्छन् ।

### ३.२.४.३ मानवतावाद

मानिसका वास्तविक समस्यामा केन्द्रित विचारलाई महत्त्व दिने दर्शन नै मानवतावादी दर्शन (Humanism) हो । मानिसका प्रतिष्ठाका निम्ति प्रयत्न गर्ने उसको उन्नति र कल्याण गर्ने जीवन निर्माणको मार्गदर्शन गराउने मानवीय संसाधनको माध्यमले प्रत्यक्ष रूपमा सहयोग आदान प्रदान गर्ने लक्ष्य लिएको मानवतावादले धार्मिक अतिवादको विरोध गर्दछ । सबै खाले मानवका शारीरिक मानसिक र जातीय व्यवहारका पक्षलाई तिरस्कार गर्ने कुनै पनि चिन्तनको विरोध गर्नु मानवतावाद हो । व्यक्तिको सत्ता र स्वतन्त्रतालाई सर्वोपरि स्थान दिने मानवतावादी प्रवृत्तिको मूलभूत विशेषता हो । मानवतावादलाई मानिसका सामान्य आवश्यकता र समस्याका परिपूर्तिमा केन्द्रित विश्वासको व्यवस्थाका रूपमा मानिएको छ । मानवीय उन्नतिका निम्ति मानवीय संसाधनको उपयोग गरेर पारस्परिक भाइचाराको विकास र समानताको भावना बढाउनु मानवतावादको लक्ष्य हो । ईश्वर र अमरत्वभन्दा मुख्य कुरा मनुष्यता हो । मानवतावादमा मनुष्यको सर्वोपरिता हुनुपर्छ । मानव मानव भएर बाँच्न पाउनु पर्छ । मानवले मानवलाई गर्ने व्यवहार पनि मानवीय हुनुपर्छ जस्ता मानवीयताको मान्यता राख्ने विचारलाई मानवतावाद भनिन्छ ।

कृष्णचन्द्रसिंह प्रधानलाई मानवतावादी विचारले प्रभावित गर्नमा उनको तात्कालिक सामाजिक राजनीतिक-आर्थिक परिवेशले ठूलो भूमिका खेलेको पाइन्छ । खास गरी “मानवभन्दा महान अरु कोही छैन” भन्ने विचारले प्रधान मानवतावादबाट

प्रेरित भई मानवीय अवस्थाको चित्रण गर्न उत्प्रेरित हुनु स्वभाविक हो । साहित्यकार मानवीय संवेदना छिटो ग्रहण गर्ने भएकाले पनि प्रधान मानवको पीडा, दुःख, अवस्था र नियतिप्रति सधैँ चिन्तित हुनु संवेदनशीलताले नै हो । प्रधानले निबन्धमा मानवीय संवेदनालाई आत्मसात् गरी मानवताको वकालत गर्न हाम्रो समाज, राजनीति र आर्थिक परिस्थितिले सधैँ रुनु परेको कारण निबन्धमा मानवतावादको प्रभावलाई व्यक्त गर्न पुगको देखिन्छ । वस्तुतः प्रधानको 'तन्त्रहरू कहिल्यै चाहिन्न । मानवीय अधिकार र शान्ति सुरक्षा चाहेको हुँ ।' जस्ता कथनले पनि मानव भएर बाँच्न अधिकार खोजेको प्रसङ्गले उनको विचारमा मानव सर्वोपरि हो उसलाई मानव भएर बाँच्ने अधिकार चाहिन्छ भन्ने वैचारिक अभिप्रेरणाले उनको हृदय सन्तप्त देखिनु एक मानवीय धर्म हो ।

यसरी मानव भएर मानवीय धर्म के हो भन्ने भुली आजको मानवलाई मानवीयताको कुनै चासो नै नभएको देखिनाले पनि प्रधान आफ्ना निबन्धमा मानवतालाई अघि सारी यसको विचारलाई आत्मसात् गरी मानवीय संवेदना व्यक्त गर्न उत्प्रेरित देखिन्छन् ।

### ३.२.४.४ अस्तित्ववाद

मनुष्यको मौलिक अनुभूति र गरिमालाई विशिष्टता प्रदान गर्ने उद्देश्यले अभिप्रेरित भएको अस्तित्व  दर्शनले मनुष्यका सर्वाङ्गीण स्वतन्त्रता र उसका उद्देश्य चयनका स्वाधीनतामा जोड दिएको पाइन्छ । मनुष्य स्वयं स्वतन्त्र भएर पनि परिस्थितिको दास बनेर आफ्नो उत्तरदायित्व वहन गर्न बाध्य छ । परम्परागत आस्था मूल्य मान्यता र मापदण्डहरू मानवीय स्वतन्त्रता र अस्तित्वका बाधक हुन् भन्ने अवधारणामा विश्वास राख्ने अस्तित्वले मानिसको जीवन अनेक प्रकारका विरोधाभास र अनुपयुक्तताले ग्रस्त भएको अनुभव गर्दछ । अस्तित्ववादी दर्शन अस्तित्वको सार र सत्वको पूर्वगामी हो भन्ने सूत्रमा यसको दर्शन विकास भएको देखिन्छ । अस्तित्ववाद दुई प्रकारमा विभक्त पनि छ । एक आस्तिक अस्तित्ववाद अर्को नास्तिक अस्तित्व वाद । आस्तिक नास्तिक जे भए पनि अस्तित्ववादीका दृष्टिमा यो संसार व्यक्ति तथा उसको अस्तित्वका निम्ति अव्याख्येय, निरर्थक र खतरनाक रङ्गशाला हो (शर्मा र लुइटेल, २०६३ : ३४६) ।

कृष्णचन्द्रसिंह प्रधानलाई अस्तित्ववादी दर्शनले प्रेरित गरेको साक्ष्यका रूपमा उनका निबन्धको अध्ययनबाट ज्ञात हुन्छ । 'आत्महत्याको अँगालोमा' निबन्धमा उनले आधुनिक जीवनको निरूपाय स्थिति र विवशतालाई व्यक्त गर्दै मानवीय अर्थ र मूल्य पहिल्याउने निबन्धलाई अस्तित्ववादी दर्शनबाट प्रभावित भन्न सकिन्छ (जोशी, २०५० : १०४) । उनको जीवनलाई हेर्दा पनि यस संसारमा आएपछि आफ्ना जीवनको अर्थ र प्रयोजनबारे निर्माण गर्ने कार्य मनुष्यको नै हो । प्रत्येक मनुष्य आफ्ना कार्यव्यापारका लागि स्वयं उत्तरदायी र स्वतन्त्र भएपनि मृत्युको बोधले उसको स्वतन्त्रतालाई बाधा पुऱ्याउँछ र जीवनलाई त्रासपूर्ण तुल्याउँछ । व्यक्तिको स्वतन्त्र इच्छा, स्वतन्त्र निर्णय, स्वतन्त्र चयन, स्वतन्त्र सङ्कल्प आदिका (शर्मा र लुइटेल, २०६३ : ३५०) बारे अस्तित्ववादी स्वतन्त्रताको अत्यधिक महत्त्व प्रधानले पनि यस विचारबाट प्रभावित भई आफूलाई यसको वैचारिक आडमा व्यङ्ग्याउने जमर्को गरेकाले उनी यस दर्शनबाट मानवीय अस्तित्वको लागि प्रेरित देखिन्छन् ।

प्रधानको जीवन दर्शन पनि यस्तै परिवेशबाट गुज्रिएको देखिन्छ । उनी आफ्नो 'स्व' को खोजी चेतनाको तहबाट नै गर्ने निबन्धकार हुन् । जीवनमा केही गरुँ भन्ने चाहनाले पनि प्रधानलाई यसतर्फ डोऱ्याएको देखिन्छ । यसरी आफ्नो जीवनदर्शन र आफू रहेको धरातलमा केही गरुँ भन्ने खोज र नाम रहोस् भन्ने चाहनाले पनि यसबाट उनी प्रभावित देखिन्छन् भने मानवीय अस्तित्व संकटमा रहेको देखि आफ्ना विचारलाई कही अस्तित्व वादका रूपमा कही मानवीयता संकटका रूपमा अस्तित्ववादी दर्शनको प्रभाव ग्रहण गरी निबन्धमा व्यक्त गर्नु नै उनी यस दर्शनबाट अभिप्रेरित छन् भन्नु हो ।

### ३.२.४.५ मनोविज्ञान

आधुनिक जीवनका हरेक क्षेत्रमा व्यापक उपयोग भएको मनोविज्ञानको सैद्धान्तिक स्वरूप प्रतिपादनको काम उन्नाईसौं शताब्दीका सिगमन्ड फ्रायडबाट भएको हो । मनका गत्यात्मक तहका अवस्थाहरूको व्याख्या उनले गरेका छन् । उनले मनोलैङ्गिक अवस्था निरूपण गरेर कामवासनाको रहस्यमय शक्ति र त्यसको विकास प्रक्रियाको चर्चा गरेका छन् । मूलतः मन, सपना, कामवासना र मनोग्रन्थी जस्ता पक्षबाट साहित्यिक संसारमा व्यापक प्रभाव पारेको देखिन्छ । फ्रायडको मनोविज्ञानले

कुनै पनि साहित्यिकारले इच्छापूर्तिको लागि साहित्यको सृजना गर्छ भन्ने मान्यता रहेको देखिन्छ । फ्रायडले 'यौन' लाई मुख्य मानेको पनि पाइन्छ । मनोविज्ञानको सैद्धान्तिक खोजी मात्र फ्रायडले गरेनन् उनका उत्तरवर्ती युङ्ग एडलर आदिले पनि यस सम्बन्धी नयाँ सिद्धात प्रतिपादन गरेका छन् । मूलतः मनोविज्ञान मनसँग सम्बन्धित भएकाले कुनै पनि साहित्यकार आफ्ना इच्छित मनका कुरा व्यक्त गर्न खोज्दछ । त्यसैले सिर्जनाले साहित्यमा ठूलो भूमिका खेलेको हुन्छ । कृष्णचन्द्रसिंह प्रधानको विषयमा पनि मनोविज्ञानले ठूलो भूमिका खेलेको सहजै अनुमान लगाउन सकिन्छ । अझ निबन्धहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने उनी मनोविज्ञानबाट प्रेरित भई लेखक बन्न पुगेको र निबन्धमा यसको प्रयोग आवश्यकता अनुरूप वैचारिक रूपमा प्रकट गरेको पाइन्छ ।

फ्रायडको यौनबाट प्रभावित प्रधान उन्मत्तताको चर्चा गर्न समेत पुग्दछन् । उन्मत्तताले नै मानव पशु बन्न सक्छ भन्ने धारणा व्यक्त गर्दछन् । तर यो प्रवृत्ति ( उन्मत्त) शिथिल भएमा सृजनशीलताकै ह्रास हुन्छ भन्ने विचारले मनोविज्ञानको प्रभाव यथेष्ट परेको सहजै अनुमान लगाउन सकिन्छ ।

फ्रायडीय मनको चर्चा प्रधानका निबन्धमा यत्रतत्र गरेका छन् -

'अहम्को मान्छे निरीह होइन' (शब्दलाई भन्नु छ)

'चेतन अचेतन मनको ज्ञात अज्ञात प्रश्नद्वारा आकर्षित हुन्छौं'

(जवाफ छैन)

'हतास मन कोहोलो मच्चाउँछ' (शिखरदंश/राजनीतिक प्रदूषण)

जस्ता वाक्यले उनको मनोवैज्ञानिक प्रभावलाई यथेष्ट आँकलन गर्दछ । मूलतः प्रधान साहित्यमा मनोविज्ञानलाई प्रयोग गर्नुमा नेपाली संस्कारबाट प्रभावित देखिन्छन् । यसको साक्ष्य 'उन्मत भैरवका श्रद्धालुलाई' निबन्धमा प्रयोग गरी संस्कारजन्य मनोविज्ञान कत्तिको प्रवल हुन्छ भन्ने देखाउनका लागि यस निबन्धको लेखन गरिएको बुझिन्छ ।

वस्तुत मनोविज्ञानबाट प्रभावित भएर नै प्रधानले यस्ता विचार अर्थात् मनोवैज्ञानिक विचारलाई निबन्धमा प्रकट गरेका छन् । त्यसैले उनी छुट्टै मनोविज्ञानको चर्चा नगरी नेपालीपनमा विद्यमान मनोविज्ञानलाई निबन्धमा उतारेका छन् । प्रधान

मनोविज्ञानबाट प्रभावित हुनमा लेखकीय स्व र नेपाली मनको स्थितिको प्रभावबाट अछुतो रहेका छैनन् । बरु मनोविज्ञानमार्फत यसलाई प्रष्ट्याएका पनि छन् ।

यसरी प्रधान मनोविज्ञानबाट प्रभावित भएको देखिनाले उनको निबन्धगत विचारलाई मनोवैज्ञानिक ढंगले यथेष्ट सहयोग गरेको पाइन्छ । यसलाई विचारगत मनोविज्ञान प्रयोगको अभिप्रेरकका रूपमा अर्थ्याउनु जायज नै ठहर्छ ।

### ३.२.४.६ अन्य चिन्तनको प्रभाव

कृष्णचन्द्रसिंह प्रधानमा वैचारिक प्रभावको चर्चा गर्दा उनले आफ्नो विचारलाई एक कोणबाट मात्र प्रभावित नपारी अनेक दृष्टिबाट जे देखे भोगे अनि विश्वस्त भए त्यस विषयमा धक् नमानेर व्यक्त गर्न पुगेको देखिन्छ । यसैले उनको एकाधार कही पनि पाइदैन । उनमा सहानुभूतिको संश्लेषणकारी भूमिका नितान्त प्रबल थियो । उनको विचारलाई घच्घच्याउनमा उनले भोगको समय समाज नितान्त उत्तरदायी मान्नुपर्छ । उनको लेखन आरम्भबाटै विचारले सलबलाउने मौका पाएको थियो । किनभने राणाहरूको निरकुंशतामा कोही पनि संवेदनशील मानिस कठाङ्ग्रिएर रहन चाहदैनथ्यो । फलस्वरूप राणाविरोधी भावना जागृत भयो । उनी औपचारिक शिक्षा पूर्ण रूपमा नपाए पनि शिक्षाको महत्त्व र यसले चेतनामा पार्ने प्रभावलाई बुझेका थिए । त्यसैले शिक्षाको ज्योति फैलाउने मौकाबाट उनी कहिल्यै चुकेनन् । उनी भारततर्फ प्रस्थान गरे । त्यहाँ उनले सक्दो शैक्षिक योग्यता हासिल पनि गरे । यसले पनि उनको चेतनामा तीव्र प्रभाव पार्न सक्यो । त्यही उनी गान्धीवादी बन्न पुगे । यो पनि उनको चेतनामा प्रभाव पार्ने तत्त्व मध्यको एक र प्रथम स्थान हो । सामान्य शिक्षक बनेर गएका प्रधान गान्धीवादमा पूर्णरूपमा लागे । गान्धीको प्रभावमा नै अहिंसाव्रत धारण समेत गरे । त्यहाँ गान्धीका आश्रममा धेरै व्यक्तिहरू थिए । सबैसँग बठबसले उनको चेतनामा थप खुराक दिँदै गयो । तर त्यही उनको अर्को वैचारिक कायापलट हुन पुग्यो त्यो के हो भने गान्धी आश्रममा रहेका धेरै व्यक्तिमध्ये केही यस्ता पनि थिए जो सेता कपडा लगाएर गान्धीवादी बन्ने र भित्रिरूपमा हिंसावरण गरी माछा मासु अण्डा जस्ता गान्धी विरोधी मान्यतालाई लत्याइ भक्षण गर्ने, बाहिरी रूपमा उनीहरू गान्धीवादी भएर देखिने भित्री तवरमा प्रत्यक्ष त्यसको विरोध गर्ने जस्ता विरोधाभासी कुकृत्यले उनको मनलाई ठूलो धक्का दियो । फलस्वरूप उनी

त्यही वामपन्थी विचारका व्यक्तिहरूको सम्पर्क पनि आउन थालिसकेका थिए । आश्रममा त्यस्तो व्यक्ति कुकर्म लगायत विचारले उनलाई वामपन्थी हुन प्रेरित समेत गऱ्यो । यो उनको वैचारिक जीवनमा प्रभाव पार्ने तत्त्वमध्ये अर्को नितान्त नौलो र वैचारिक धार थियो यसैले उनी प्रगतिशीलमा दरिन पुगे । २००४ सालदेखिनै 'झुत्रो लुगा' मार्फत मार्क्सवादतिरको धारणालाई अझ प्रबल रूपमा वरण गरी उनी प्रगतिवादी हुन पुगे । प्रकाशनका दृष्टिले २००७ सालभित्र उनका पाँच निबन्ध प्रकाशित भइसकेका थिए । यो चरण अन्तर्गत उनमा पूर्वाक्त वैचारिक धारणा प्रवल मात्र हुन पुग्यो भन्नुपर्छ किनभने यस चरणमा अन्य चिन्तनहरू नआईसकेको हुनाले हो । त्यसैले निबन्धगत वैचारिकताका लागि यस चरणलाई उनको निबन्ध लेखनको

समयसँगै विचार पनि विकसित हुँदै जाने प्रक्रिया हो । उपर्युक्त तथ्यपछि उनको वैचारिक चेतना विकसित हुन केही समय पर्खनु पर्ने देखिन्छ । त्यो समय आउनपूर्व नेपालको केही सामाजिक राजनीतिक परिवर्तनलाई पनि सहायक मान्नुपर्छ । त्यसैले २०१५ को आमनिर्वाचन २०१७ पछिको राजनीतिक परिवर्तन अर्थात् पञ्चायती व्यवस्था र अझ विश्वयुद्ध यही समयमा घट्न पुग्नु जस्ता कारणले उनी वैचारिक धरातलमा पुनः उद्वेलित हुन पुगेको देखिन्छ । उनको निबन्ध यात्रा यता २०१८-१९ देखि पुनः सक्रिया हुन थाल्छ । 'गीतको दाम कविताको भाउ मानिसको मोलतोल र 'लिङ्गपुराणदेखि लिङ्ग साहित्यसम्म' यस्ता निबन्ध लेखी वर्तमान साहित्यिक अवस्था र मनोविज्ञान जस्ता विषयमा विचारलाई प्रसार गर्न पुग्दछन् । यसपछि २०४५ सम्म क्रमशः एकपछि अर्को निबन्धको संख्या लेख्दै २०२६ मा सालिक र २०४४ मा अनाम सत्य निबन्ध संग्रह प्रकाशित गर्दछन् । यसरी उनको समयसँगै विचार र निबन्ध बढ्दै जान्छ । यस क्रममा उनको निबन्धगत उद्देश्य र विचार पनि फैलिदै जान्छ । नेपाली साहित्यले २०१७ पछि अनुभव गर्न थालेको विसंगतिबोधको विचारलाई समेत समेटी यसै समयमा सामाजिक विसंगति, मनोविज्ञान, सुधारात्मक प्रगतिशील स्वर एवं अस्तित्ववादी चेत समेत उनमा व्याप्त हुन पुग्छ । यही विचारगत प्रभावलाई निबन्धमा उनले अभिव्यक्त गर्दछन् ।

प्रधानका निबन्धसंग्रह 'पाइला आगतमा टेकेर (२०४७) बागमतीको हरक (२०५७) र समय सुनामी (२०६३) प्रकाशित भएको पाइन्छ । यी संग्रहभित्रका निबन्ध

विभिन्न समयमा विभिन्न विचारलाई प्रकट गर्न सबल भएका देखिन्छन् । साँच्चै गतिशीलताले लेखकलाई विभिन्न समयका स्पन्दन समेटी प्रस्तुत गर्नु नै उसको पहिचान हुन पुग्छ । लेखकलाई कुन विचारले कतिखेर कसरी असर पार्छ र त्यो विचार कुन रूपमा गतिशील छ जो लेखकको ग्राह्यताको क्षमतामा भर पर्ने कुरा हो । प्रधानका विषयमा सर्वप्रथम त उनलाई समग्र विचारले प्रभाव पारेर जब विश्वस्त पार्छ अनि मात्र वैचारिक कोणलाई साहित्यमा प्रयोग गर्दछन् । त्यो कही विचारप्रधान रूपमा आउँछ भने कही विचार पनि कलात्मक रूपमा र कही व्यङ्ग्यका रूपमा आउँछ ।

उपर्युक्त चर्चा पछि प्रधानका वैचारिक अभिप्रेरक पहिलो समय र समाज हो भने अर्को उनकै सहानुभूति प्रतिभाका रूपमा प्रकट भएको निश्चय हुन्छ । यसैगरी राजनीतिक परिवर्तन तथा राजनीतिक विचार र बैचारिक प्रभाव पनि वैचारिक प्रेरकका रूपमा प्रकट हुन आउँछ । प्रधानमा राष्ट्रिय भावना, अन्तर्राष्ट्रिय चेतना, यौनप्रति उदार चेतना, सांस्कृतिक चेतना, ऐतिहासिक चेतना, कला सभ्यताको चेतना, जीवन जगतको विसंगति एवं यथार्थता, नेपालीको वास्तविक अवस्थाबोध जस्ता विचारहरूले तीव्र रूपमा समयले उनलाई आक्रान्त पारेकाले पनि उनले आफ्ना निबन्धमा प्रकट यी कुरालाई गरेका देखिन्छ ।

औपचारिक शिक्षाका रूपमा कक्षा ६ सम्मको मात्र अध्ययन गरेका प्रधान कसरी वैचारिक धरातलमा यति ठूलो चिन्तन गर्न पुगे भन्ने प्रश्न आउँछ र यो स्वभाविक नै ठहर्छ । किनभने मानव मस्तिष्कको संरचना नै यस्तो जैविक प्रक्रिया हो । जो अनुमान र परीक्षण भन्दा पनि छुट्टै नतिजा प्रतिफल भएको विज्ञानले प्रमाणित गर्दछ । यसको उदाहरण आइन्स्टाइन हुन् । आइन्स्टाइन सामान्य मस्तिष्क भएका व्यक्ति पछि सापेक्षता सिद्धान्त प्रतिपादन गरी विश्वलाई चकित बनाउन सफल भएका छन् । यो एक्कासी भएको पक्कै होइन । समयको अथक प्रयासले विभिन्न प्रयोगले मात्रै सिद्ध हुन पुगेको हो । त्यस्तै प्रधानका विषयमा के भन्न सकिन्छ भने उनको निरन्तरको स्वाध्यायन प्रवृत्तिले उनको उचाइ नाप्दै गएको हो । उनमा विचारको प्रादुर्भाव हुन अध्ययनले ठूलो भूमिका खेलको थियो । फलस्वरूप उनको वैचारिकता गतिशीलताले नै निर्धारण गर्न पुगेको तथ्य फेला पर्छ ।

## ३.३ निष्कर्ष

कृष्णचन्द्रसिंह प्रधानको निबन्ध लेखनमा पर्ने अभिप्रेरक आधारहरूको अध्ययनपछि उनलाई सर्वप्रथम पारिवारिक भूमिबाट थेरथोर प्रभाव रहेको अध्ययन-अध्यापनबाट नै बढी प्रभाव परेको देखिन्छ । त्यस्तै गतिशीलताबाट सामाजिक-राजनीतिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, आर्थिक अभाव, भ्रमण जस्ता कुराहरूले उनको विचारलाई निकै आक्रान्त पारी घच्चच्याउन समेत ठूलो भूमिका खेलेको देखिन्छ ।

गान्धीवादी प्रधान प्रगतिशीलतातर्फ लम्कनुमा तात्कालिक सामाजिक राजनीतिक प्रभाव तीव्र रूपमा सलबलाएउनु नै मुख्य कारण हो । विभिन्न दार्शनिक चिन्तनको प्रभाव पनि प्रधानमा व्याप्त भएको देखिन्छ । अध्यात्मवाद, प्रगतिवाद, मार्क्सवाद, मानवतावाद, अस्तित्ववाद, मनोविज्ञान जस्ता विषयले झन् उनलाई उत्प्रेरित गर्न पुगेका तथ्य फेला पर्दछ । शिक्षा, साहित्य, धर्म, कला, इतिहास संस्कृति, विसंगति जस्ता अनेक विचारका पछाडि वर्तमान अवस्थाको सामाजिक-राजनीतिक खिचातानी एवं विकृतिहरू नै मुख्य रूपमा प्रधानका विचारमा आएकाले यी नै अभिप्रेरक भूमिका हुन् भन्न पनि सकिन्छ ।

उपर्युक्त चर्चाबाट प्रधानको वैचारिक अभिप्रेरक त□व उनको स्वाध्यायन प्रवृत्ति नै हो भन्ने देखिन्छ । निबन्धकार प्रधानलाई संवेदनशील, चिन्तनशील मानवतावादी दृष्टिकोण र प्रगतिवादी चेतनाले वैचारिक धरातलमा उतारेको देखिन्छ । उनी गतिशीलतालाई आत्मसात् गरी समयसापेक्ष विचार बटुल्न पछि परेनन् । यसैलाई उनले आफ्ना निबन्धमा कही तटस्थ कही कलात्मक, कही व्यङ्ग्यात्मक, प्रत्यक्ष, परोक्ष, रूपमा व्यक्त गरिरहे । मूलतः सहानुभूति संश्लेषण नै उनको प्रतिभाका रूपमा व्यक्त भएको छ ।

यसरी विभिन्न समय, समाज, रान्नीति, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रभावबीच प्रधानलाई निबन्धकार कृष्णचन्द्रसिंह प्रधान हुन अभिप्रेरित गरेको तथ्य सार्वजनिक हुन पुग्छ ।

# चौथो परिच्छेद

## कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूको वैचारिक विश्लेषण

### ४.१ परिचय

प्रस्तुत परिच्छेदमा प्रधानका निबन्धहरूको वर्गीकरण गर्दै वैचारिकता उपयोग के-कसरी गरिएको छ र के-कस्ता विचारहरू प्रकट भएका छन् भन्ने अध्ययन गरिएको छ ।

प्रधानका निबन्धहरूको अध्ययनका क्रममा अनेक समीक्षक अध्येताहरूले विभिन्न रूपमा निबन्धको वर्गीकरण गरेका छन् । यस्तो वर्गीकरण धेरै व्यक्तिहरूबाट सङ्क्षेप र विस्तार दुवै किसिमबाट भएको देखिन्छ । प्रतिनिधित्व हुने खालका केही नमुनालाई आवश्यक ठानी यहाँ प्रस्तुत गरिएको छ । राजेन्द्र सुवेदीको 'केही समीक्षण केही विश्लेषणमा' प्रधानको संग्रहमा प्रकाशित भैसकेका निबन्धलाई यसरी वर्गीकरण गरिएको छ :

१. साहित्य संस्कृति, मानव समाज र समसामायिक परिवेशको टिप्पणी
२. समकालीन विसङ्गतिलाई सामना गर्न विवश भएको जीवन र त्यसबाट जन्मेका विकृतिप्रतिको टिप्पणी र
३. ऐतिहासिक मूल्यजनित विसङ्गतिबाट समसामायिकतामा परेका कुप्रभाव माथिको टिप्पणी ।

यसरी प्रधानका निबन्धहरू विभाजित गर्दा पहिलो खण्डमा निम्न निबधहरू पर्दछन् -

(क) उन्मत्त भैरवका श्रद्धालुलाई
(ख) शंकर गोरेटोको सम्झनामा अर्को एक पेग
(ग) शास्वत व्यङ्ग्यकारको स्मृतिमा
(घ) भ्यागुतोलाई फाँसी मुसालाई आजन्म कैद
(ङ) लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म
(च) सम तिमी विशुद्ध मान्छे बन

**दोस्रो खण्डमा पर्ने निबन्धहरू यस प्रकर छन् :**

(क) किलामा ठोकिएका जिन्दगीका पानाहरू

(ख) साहित्य र हावापानी

(ग) आत्महत्याको अँगालोमा

(घ) आखिरी थोपा ग्याम्वे

(ङ) आँखामा ग्यान्टोक बोकेर

(च) लौ आयो शेर्पा साबुन यो

(छ) घोडा दौडाका घोडाहरू र मरात ओढेर जागेको छु, रात ओढेर निदाइदिन्छु

**तेस्रो खण्डमा पर्ने निबन्धहरू यी हुन् -**

(क) शव, सालिक : विद्रोह

(ख) टाइटफिट किरमिर रेखाको ड्यास

(ग) गीतको दाम कवितको भाउ, मान्छेको मोलटोल

(घ) संस्मरण रोचक भएन कि ?

(ङ) विसङ्गति केही उनीहरूका केही आफ्नै पनि

(च) कान्तिपुरीको अलकापुरीमा खेती

यसरी वर्गीकृत हुने प्रधानको निबन्धकारिता निजात्मक रूपमा अभिव्यक्त भएको छ (सुवेदी, २०४९: ८४-८५) ।

उपर्युक्त वर्गीकरण आंशिक मात्र हो किन भने सालिक (२०२६) र अनाम सत्य (२०४३) निबन्धसंग्रहलाई आधार मानी उपर्युक्त निबन्धहरू वर्गीकृत छन् । आंशिक रूपमै भए पनि वर्गीकरण सम्बन्धी उपर्युक्त माध्यम अध्ययनका लागि सजिलो र विश्लेषणका लागि प्रारूपका रूपमा देखा पर्छन् । फलस्वरूप यसैमा आधारित भई विश्लेषित भएका पनि छन् । वर्गीकरणका विभिन्न आधारहरू मध्ये विषयवस्तुगत आधारलाई सुवेदीले अङ्गीकार गरी अध्ययन विश्लेषण गरिएकाले आंशिक रूपमै भए पनि यहाँ निबन्धकार प्रधानका विचार, शैली, भाषा आदिलाई यथेष्ट उजागर गरिएको पाइन्छ । यसलाई वस्तुगत, व्यवस्थित र पूर्ण रूपमा निर्धारित हुन नसकेको मान्नु पर्छ ।

यसैगरी कृष्णप्रसाद आचार्यले पनि प्रधानको जीवनी व्यक्तित्व कृतित्त्व  अध्ययन क्रममा निबन्धहरूको अध्ययन वर्गीकरण गरी विश्लेषण गरेका छन् । उनको वर्गीकरण निम्न रूपमा छ -

**(क) विचारात्मक निबन्ध**

यस अन्तर्गत कृष्ण चन्द्रसिंह प्रधानका शिक्षाको रूप, युद्ध होइन शान्ति, उन्मत्त भैरवका श्रद्धालुलाई, शव सालिक : विद्रोह, आत्महत्याको अँगालोमा टाइटफिट किरमिर रेखाको ड्यास, रात ओढेर जागेको छु रात ओढेर निदाइदिन्छु, देश विकासमा, साहित्यको भूमिका, आखिरी थोपा ग्याम्बे, भ्यागुतोलाई फाँसी र मुसालाई आजन्म कैद, आदि पर्दछन् ।

**(ख) आलोचनात्मक निबन्ध**

आलोचनात्मक निबन्ध अन्तर्गत गीतको दाम कविताको भाउ मान्छेको मोलटोल, लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म, कान्तिपुरमा अलकापुरीको खेती, लौ आयो साबुन शेर्पा यो आदि निबन्ध पर्दछन् ।

**(ग) आत्मपरक निबन्ध**

प्रधानका आत्मपरक निबन्धमा झुत्रो लुगा, भत्सिकेर पनि म बाचिरहुँ, किलामा ठोकिएको जिन्दगीका केही पानाहरू आदि ।

**(घ) संस्मरणात्मक निबन्ध**

संस्मरणात्मक निबन्ध भित्र 'शंकर गोरेटोका सम्झनामा अर्को एक पेग', 'सम विशुद्ध मान्छे बन', 'मेरो आँखामा उत्तम' कुँवर आदि हुन् ।

यसरी उपर्युक्त प्रकारगत वर्गीकरण कृष्ण प्रसाद आचार्यले गरेको देखिन्छ । यसलाई पनि आंशिक रूपमा गरिएको वर्गीकरण भन्न सकिन्छ । प्रधानका पाँच निबन्ध संग्रह मध्ये केहीको मात्रै यहाँ समावेश गरिएको पाइन्छ । वर्गीकरण पनि प्रकारगत रूपमा मात्र गरिएको हुनाले यसमा सम्पूर्ण निबन्धहरू समावेश नहुनु र वर्गीकरणका विभिन्न आधार मध्ये प्रकारगत आधारमात्र छनोट गरिनाले पनि आंशिक वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

यसै गरी कल्पना लुइटेलले स्नातकोत्तर तहको शोधपत्रमा प्रधानका निबन्धको विभिन्न प्रकारले वर्गीकरण गरेकी छन् । यस अध्यायमा  विषयवस्तुका आधारमा आठ वटा विषयलाई आधार मानी वर्गीकरण गरिएको छ । यसै गरी अभिव्यक्तिका आधारमा चार वटा अभिव्यक्तिगत आधारमा प्रधानका निबन्ध वर्गीकृत छन् । शैलीका आधारमा तीन शैलीमा वर्गीकृत छन् भने कथन ढाँचाका आधारमा चार वटा कथन ढाँचामा वर्गीकृत छन् । यसरी विभिन्न आधारमा वर्गीकरण गर्नुले प्रधानको विषयगत, उद्देश्यगत र वैचारिकता सम्बन्धी धेरै कुरा प्रकट हुन सहयोग पुग्ने देखिन्छ । त्यसैले लुइटेलको वर्गीकरणलाई मुख्य रूपमा यहाँ पनि अङ्गीकार गरिएको छ तर लुइटेलले पनि प्रधानका सबै निबन्धहरू समावेश गरेको देखिँदैन तापनि यसैलाई आधार मानी प्रधानका विशेषगरी समय सुनामी (२०६३) सङ्ग्रहलाई पनि थप यसैमा मिलान गरी लुइटेलको कार्यमा थप पूर्णता दिने कार्य यहाँ गरिनु वाञ्छनीय ठहर्छ ।

## ४.२ कृष्णचन्द्रसिंह प्रधानका निबन्धहरूमा विचार उपयोगको स्रोत र विधि

कृष्णचन्द्रसिंह प्रधानको जीवनवृत्त र निबन्धकार व्यक्तित्व बीच विचारको सम्बन्ध देखिन्छ । जीवनको आरम्भमा आर्थिक अभावमा गुज्रिनु परेको मानसिकताले पनि उनको विचारमा परिवर्तन ल्याउन ठूलो भूमिका खेलेको थियो । साथै तात्कालिक निरकुंश राणाहरूले नेपालीहरूप्रति गरेको शैक्षिक, राजनीतिक र चेतनामूलक वैचारिक प्रताडना एवं दमनले पनि प्रधानको संवेदनालाई घच्घचाएको अवश्य नै थियो । यही परिवेशभित्र आफ्नो ज्ञान विस्तृत गर्दै रहँदा उनी भारततर्फ गए । त्यहाँ सर्वप्रथम गान्धीवादी शिक्षामा उनको चेतना फैलने अवसर प्राप्त गऱ्यो । गान्धीका विचार पनि अहिंसावादी सनातन धर्मको उन्मूलन, जातीय गौरव आदिमा विश्वास राख्ने खालका थिए । गान्धीकै प्रभावमा प्रधानले पनि अहिंसावादी भई मासु, अण्डा जस्ता वस्तुका सेवन समेत बन्द गरेका थिए । यसले पनि प्रधानको विचारमा ठूलो सहयोग गरेको बुझिन्छ । प्रधान गान्धीवादबाट प्रभावित मात्र नरही त्यसका शैक्षिक, राजनीतिक विचारबाट समेत लाभान्वित हुन पुगे । यसरी गान्धीबाट प्रभावित प्रधान २००६-०८ बीच भारतका प्रवासकालमा विभिन्न व्यक्तिहरूका संसर्गबाट समेत प्रभावित हुन पुगेका थिए । त्यहीको बसाईमा प्रधानका विचार परिवर्तनका लागि दुई मुख्य बाटो समेत खुलेको देखिन्छ । एक गान्धी आश्रमका केही यस्ता व्यक्तिहरू जसबाट उनी

आफ्नो विचार परिवर्तन गरी राजनीतिक तर्फ उन्मुख हुन पुगे त्यो के भने गान्धी आश्रममा भित्री रूपमा मासु, अण्डा जस्ता भक्षण गरी गान्धी विरोधी क्रियाकलापले त्यस्ता व्यक्तिहरूबाट वितृष्णित हुन पुग्नु र अर्को वामपन्थी विचारका व्यक्तिसँग सम्पर्कित हुनु प्रधानका मुख्य मोडका रूपमा देखा पर्दछ ।

यहीबाट प्रधानको विचारको पहिलो स्रोतका रूपमा उनका निबन्धहरूमा पूर्वीय दर्शनको प्रयोग हुनुका साथै उनको अध्ययन, व्यवहार अनुभव, देश-देशान्तरका भ्रमण एवं गतिविधिका चेतनाबाट भौतिक दर्शन पनि महत्त्वपूर्ण वैचारिक स्रोतका रूपमा देखा पर्दछ । पूर्वीय उपनिषदको सोहम् भन्ने वाक्यले उनको चेतनामा ठूलो प्रभाव पारेको थियो । पूर्वीय पाश्चात्य वैचारिक स्रोतका अतिरिक्त युगीन चेतनामा निरन्तर सक्रिय र सम्बद्ध रहन चाहने प्रधानले आफ्ना युगका भौतिक सामाजिक दर्शनलाई आफ्नो निबन्धमा विचारको स्रोत बनाएको पाइन्छ । वर्तमानको यथार्थबाट टाढा रहनु अन्धता भएको अनुभव गर्ने निबन्धकार प्रधानले आफ्नो समकालीन चेतनाबाट विशाल महत्त्व प्राप्त गर्न सकिने अवधारणा समेत प्रष्ट्याएका छन् । “मलाई लाग्छ स्रष्टा आफैँमा एउटा समय हो । ऊ समय बोल्छ, समय लेख्छ, समय बाँच्छ” (समय सुनामी पूर्वस्वीकृति) भन्ने विचारको प्रस्तुतिबाट आफ्नो युगको समसामयिक चेतना पनि उनको वैचारिक स्रोतका रूपमा रहेको देखिन्छ । पाइला आगतमा टेकेर : एक/दुई’ जस्ता निबन्धमा पाश्चात्य मान्यता एवं विकासवादी धारणा समेत व्यक्त गरिएको पाइन्छ । उनको यस तर्फको अभिरुचिले उनी नवीन मान्यताका दिशातिर गतिशील बन्न चाहन्छन् भन्ने पनि बुझिन्छ । यसले उनको विचारको स्रोत विकासवादी समेत रहेको देखाउँछ । राष्ट्रिय, अन्तर्राष्ट्रिय, ऐतिहासिक सांस्कृतिक, कला, सामाजिक, समकालीन यथार्थ, राजनीति मार्क्सवाद, प्रगतिवादी दृष्टिकोण, विसङ्गति, अस्तित्व जस्ता अनेक पक्षमा उनको निबन्धका विचारहरू सलबलाएकाले निबन्धकार प्रधानका विचारको स्रोत पूर्वीय, पाश्चात्य, प्राचीन, आधुनिक, सामाजिक, पारम्परिक र आफ्नो समकालीन परिस्थिति समेत बन्न गएको देखिन्छ । यिनै वैचारिक चेतनाका विविध धाराहरू निबन्धकारका निबन्धमा निहित वैचारिक स्रोत भएको प्रष्ट हुन्छ । विश्वव्यापी प्रभाव पार्ने डार्बिन, फ्रायड र कार्ल मार्क्सका विकासवाद, मनोविश्लेषण र द्वन्द्वात्मक

भौतिकवादबाट निबन्धकार प्रधानको विचार प्रभावित देखिन्छ । त्यसैले यी तीनका वैचारिक आधारलाई समेत प्रधानका वैचारिक स्रोतका रूपमा लिन सकिन्छ ।

> 'भारतका त हामीले पढ्ने गरेका प्रायः चर्चित ग्रन्थका प्रसिद्ध नामी स्रष्टाहरूलाई त्यहाँ भेट्यौं' (प्रधान, २०५७ : ८४) ।

> 'म भित्रको चेतनाभरीको संसारमा जन्मेका यी सन्तानहरूलाई यहीको हावापानी, माटो र वातावरणले हुर्काएको छ । तसर्थ लेख्ने वस्तु जहाँबाट पाउँछु यो त्यसै समाजको सृष्टि भन्ठान्छु' (प्रधान, २०५७ : ८४) ।

> 'त्यस्ता निबन्धहरू यहाँ छन्, तिनीहरू राजनीतिक हुन् तर राजनीतिकभन्दा राजनीतिकपीडित बिडम्बनाहरूको मानवीय हुन्' (प्रधान, २०५७ : भूमिका ३०) ।

'मुल्यबोधको चेतना नै मुख्य गरी निबन्धको उर्जा लाग्ने सरोफेरो परिवेश यहाँ भेटिएला । ..केन्द्रीयतामा यी भावना, विचारको अवस्थिति रहे पनि समसामयिक सम्बन्धलाई नकार्दैन । ... सामयिकता छोएर पनि अनित्य नलाग्ने विस्तारभित्र निबन्धले आफ्नो सीमाङ्कन गर्छन ।' (पाइला आगतमा टेकेर - उप्रान्त)

जस्ता वाक्यले प्रधानको वैचारिक स्रोतलाई प्रष्ट्याउँछन् । वस्तुत प्रधान उपर्युक्त स्रोतबाटै आफ्ना निबन्धमा विचार राख्ने जमर्को गरेकाले उनका वैचारिक स्रोतलाई उपर्युक्त रूपमै मान्नु पर्ने देखिन्छ ।

प्रधानले स्वतन्त्रतापूर्वक अनुभवका आधारमा अतीत र वर्तमानलाई छानविन गरेर आफ्ना निबन्धका विषयवस्तुको चयन गरेको पनि देखिन्छ । निबन्धका वस्तुतथ्यबाट निबन्धकारले निबन्ध संरचना र विषय प्रतिपादनमा गम्भीर अध्ययन र अनुभवको उपयोग गरेको देखिन्छ । चाहे सैद्धान्तिक आधारमा होस् अथवा आफ्नो स्वतन्त्र आधारबाट होस् निबन्धकार प्रधानले विषयको अन्वेषण र अध्ययन गरेर आफ्नो अभिरुचि र शिल्पचेतना अनुरूप साहित्यिक विधाको निर्माण गरेको पाइन्छ ।

निबन्धकार प्रधानले विचारहरू ग्रहण गर्दा अन्वेषण प्रक्रियालाई आफ्ना यात्रा अनुभव र अन्य व्यवहारिक कार्यका सिलसिलामा पनि उपयोग गरेको पाइन्छ ।

प्रतिभाशाली लेखकले दृश्यमान विषय र जीवन अनुभवका अनेक प्रक्रियामा आफ्नो सुक्ष्म अन्वेषण लगाएर सामान्य सतही विषयबाट पनि गम्भीर दर्शनका चिन्तन र चेतनालाई कलात्मक रूपमा आत्मीकरण र साधारणीकरण गरेको हुन्छ । तात्कालिक राजा महेन्द्रको तराई भ्रमण क्रममा बम पड्किएको घटनाले 'भ्यागुतोलाई फाँसी मुसालाई आजन्म कैद' निबन्धको रचना प्रसङ्गले प्रधानमा अन्वेषण प्रक्रियाको आँकलन पनि गर्न सकिन्छ ।

'मलाई शब्द भए पुग्छ शब्द देऊ !
यसको बोली बन्द गर्ने तिमी को हो ?
मलाई भन्न शब्द चाहिन्छ शब्द देऊ !
यसको मुख थुन्ने तिमी को हौ ? (प्रधान, २०५७ : ३०) ।

जस्ता वाक्यले प्रधानको वैचारिकतामा शब्द शक्तिको महत्त्व दर्शिनुका साथै तार्किक क्षमता पनि पर्याप्त रहेको देखिन्छ । सामान्यतया तर्क स्वयंमा एउटा बौद्धिक प्रक्रिया पनि हो । यहाँ शब्द बन्द गर्ने समाज राजनीतिप्रति तीव्र व्यङ्ग्य गरी तर्क गरिएको छ । शब्दलाई थुन्न कसैले सक्दैन न त शब्द थुनिन्छ नै तापनि शब्द स्वतन्त्र रूपमा प्रकट गर्न नपाइने समाजमा यो तर्क निकै सार्थक हुन्छ । यस तर्कले समाज र राजनीतिलाई लेखकीय स्वतन्त्रताको पक्षमा प्रधान रहेको त्यसैले शब्द चाहिएको यसलाई थुन्न खोज्ने प्रवृत्तिलाई प्रष्ट्याएको छ ।

लक्ष्मीप्रसाद देवकोटा र शंकर लामिछाने यी दुवै निबन्धकारका बीचमा प्रधानको उपस्थिति रहेको थियो । देवकोटा पोथी गद्यको प्रयोग गरी लालित्य र मधुर भाषाको शैलीको प्रदर्शन गर्दथे भने लामिछाने अमूर्त चिन्तन प्रस्तुत गर्दथे । यी दुवैलाई समेटी प्रधान कलात्मक कवितात्मक भाषाको प्रयोगका साथै मूर्त अमूर्त दुवै संश्लिष्ट शैली अपनाउने निबन्धकार हुन् । वैचारिक धरातलमा यी तीनै जना आफ्ना-आफ्ना धक्का थिए । समग्रमा प्रधान यी बाट भिन्नै रूपमा देखा परेका वैचारिक निबन्धकार हुन् ।

साहित्यका अन्य विधा भन्दा निबन्ध विधा विचार प्रत्यक्ष रूपमा राख्न सकिने विधा हो । त्यसैले प्रधानका विचार निबन्धमा यत्रतत्र छरिएका पाइन्छन् ।

शब्द ब्रम्हमा ! आह ! कति ठूलो सत्य भनिदिए छन् मेरा पूर्खाले (प्रधान, २०५७ : ३०) । प्रधान यहाँ सत्य सम्बन्धी पुर्खौली सम्झना व्यक्त गर्दै शब्दलाई ब्रहमत्व मान्दछन् । वास्तवमा यो विचार वाक्यले पूर्वीय दर्शनलाई द्योतन गर्दछ । पूर्वमा अन्तिम सत्य ब्रम्हत्व हो भन्ने धारणा यहाँ पाइन्छ । त्यस ब्रह्मत्वलाई शब्दले प्राप्त गर्न सकिन्छ, जो हाम्रा पुर्खाले जानी र मानी रहेका छन् । जसको अनुसरण हामी आदि युगदेखि गर्दै आएका छौं ।

यस विचारवाक्यबाट प्रधान निकै प्रभावित रहेको बोध बोध हुन्छ । त्यस्तै :- सोहम्को मन्त्रले अभिषिक्त मनुष्यद्वारा मन्त्रित शब्दले उद्बोधित जगत् सृष्टिको पनि सृष्टि हो (शब्दलाई भन्नु छ) भन्ने विचार वाक्यले प्रकृति आफैँमा सृष्टि हो । प्राचीन ऋषिमुनिहरूका वैद्धिक ऋचा जस्ता लाग्ने उपर्युक्त वाक्य प्रधानका वैचारिक वाक्यका रूपमा कलात्मकताका साथ प्रकट भएको देखिन्छ ।

'सीमाना राजनीतिको हुन्छ - मित्रताको हुँदैन' (गौतम बुद्धको चिठी अशोकका नाममा) यस वाक्यले विचार वहन गर्नका लागि ठूलो भूमिका खेल्दछ । यहाँ मित्रतामा सीमाना नहुने धारणा व्यक्त भएको छ । त्यस्तै राजनीतिमा पार्टीगत वर्गीय स्वार्थमा बरु सीमा हुने कुराले महत्त्वपूर्ण विचार वहन गरेको प्रष्ट हुन्छ । विचार वहन गर्न उपर्युक्त वाक्य अति संक्षिप्त तर आर्थिक रूपमा निकै अर्थगत विस्तार गर्दछन् ।

वैज्ञानिकहरूले ईश्वरमाथि आस्था राखेरै सृष्टिजन्य आविष्कारको दृष्टिले ईश्वरीय शक्ति आर्जन गर्न सकिरहेको कारण सायद त्यसको सत्तात्मक दुष्प्रयासलाई स्वीकार नगर्नुसम्म हो । यसर्थ विज्ञान त्यसको प्रति प्रतिक्रिया (आएन्टीरियाक्सन) होइन, असीमित विश्वास हो - यथार्थको अभिज्ञान (डरको छायाँमा रोबोटको जन्म) ।

उपर्युक्त ईश्वर र विज्ञान बीचको समन्वयात्मक वैचारिक वाक्यले प्रधानको वैचारिक धरातल रहेको स्पष्ट हुन्छ ।

### ४.३ कृष्णचन्द्रसिंह प्रधानका वैचारिक निबन्धहरूको प्रमुख विचार तथा चिन्तनहरू

#### ४.३.१. प्रगतिवादी चिन्तन

समाजवादी समालोचनाको प्रकार वा रूपलाई प्रगतिवाद भनिन्छ । साहित्य तथा समालोचनाका क्षेत्रमा प्रगतिवादको थालनी सन् १९३० तिर भएको हो । यसले

मूल प्रेरणा मार्क्सवादबाट प्राप्त गरको छ भने यसको आत्मा साम्यवादमा रहेको छ । यस वादले सामन्ती प्रथाको विरोध गरेर सर्वहारा वर्गलाई माथि उकास्ने कार्य गर्छ । यो कुरा सिद्धान्ततः प्रगतिशील भएकाले प्रगतिवादलाई प्रगतिशील आन्दोलन पनि भनिन्छ । यसमा लेखकको साहित्यिक अभिव्यक्तिलाई वैयक्तिक अभिव्यक्ति मात्र नमानी प्रगतिशील विचारधारका आधारमा क्रान्तिकारी धारणा र वर्गीय प्रचारको पनि अनिवार्यता स्वीकारिन्छ । यो वाद सर्वहारा वर्गको पक्षधर भएकाले यसलाई जनमुखी चिन्तन वा विचार पनि भनिन्छ । कृष्णचन्द्रसिंह प्रधान पनि मूलतः यही चिन्तन र वादबाट प्रभावित भएका छन् र उनका विचारपरक निबन्धहरूमा पनि यही चिन्तन र वादको पूर्ण प्रभाव देख्न पाइन्छ । तात्कालिक राजा महेन्द्र तराई भ्रमण गर्दा कसैले उनीमाथि लक्षित गरी बम पड्काएको थियो तर उनको कुनै क्षति भएन । राजालाई बम पड्काउनु सानो कुरा थिएन । वास्तविक दोषीहरू फेला पर्नु सम्भव नै थिएन तर निमुखा जनता यसका सजायको भागीदार भए । यही तथ्यलाई प्रधानले मनन गरी ‘भ्यागुतोलाई फाँसी मुसोलाई आजन्म कैद’ शीर्षकको निबन्ध लेख्न पुगे । हुन त यस निबन्धमा कलाको महत्त्व दर्शाइएको छ तर वास्तविक व्यङ्ग्यका रूपमा उक्त घटनालाई लक्षित गरी भ्यागुतोलाई फाँसी अर्थात् दोष नभएकालाई फाँसी र मुसालाई आजन्म कैद अर्थात सोझा निमुखा जनतालाई दिएको सजाय प्रति निबन्धकार रुष्ट भई उनको प्रगतिवादी चेतनाले कलात्मक व्यङ्ग्यात्मक र वैचारिक रूप लिएको छ । प्रगतिवादी चिन्तनधाराका रचनाकार प्रधानले आफ्नो चिन्तन र कलाको शाश्वत मूल्यलाई आसनमा प्रतिष्ठा गर्न सफल भएका छन् । यस उच्चताको प्राप्तिका निमित्त प्रगतिवादले जुन धैर्य र संयम प्राप्त गर्दछ त्यो यस चिन्तन धाराको उत्कर्षता प्रधानका निबन्धहरूले हात पारेको छ । (सुवेदी, २०४९ : ९६) प्रधानका ‘झुत्रो लुगा’, ‘युद्ध होइन शान्ति’, ‘सटक फाट्टिदैछ,’ आदि निबन्धहरूमा प्रगतिवादी चेतना मुख्य रूपमा सल्बलाएको पाइन्छ । उनले ‘झुत्रो लुगा’ मार्क्सवादबाट प्रभावित भई लेखन गरेका हुन् । ‘युद्ध होइन शान्ति’ मा शान्तिलाई मुख्य मानी युद्धलाई तिरस्कार गरेका छन् । नेपाली राजनीतिको अस्थिरताप्रति दुःख प्रकट गर्दै अग्रगामी निकासको खोजी गरेका छन् जसलाई प्रगतिवादको अनुसार युद्ध मात्रै सबै नभई शान्ति पनि एक निकासी हो भन्ने विचार प्रकट गरेका छन् । त्यसै गरी ‘सटक फाट्टिदै छ’ निबन्धमा पनि बौद्धिकता मात्रै बढ्दै गइरहेको र ता□विक रूपमा राजनीतिक, सामाजिक तथा अन्य कुराहरू

केही पनि परिवर्तन नभएको निमुखा जनताहरू जस्ताका तस्तै हुनु केवल सामन्ती संस्कारका व्यक्तिहरूको मात्रै राजनीतिक तथा आर्थिक उन्नति हुनु जस्ता कुराप्रति चिन्तित रही प्रगतिवादी मान्यता अगाडि राखेका छन् ।

"कलाकृतिको कक्षा हुँदैन, यो त परीक्षा भवनको विषय हो । श्रेणी हुन्छ चयिताहरूको यिनकै वर्गअनुसार कलाकृतिको वर्ग वा श्रेणी बनाइन्छ" (प्रधान, २०२६ : ५) जस्ता बाक्यले प्रगतिवादी सिद्धान्तको पुष्टि गर्नुका साथै मार्क्सवादी वर्ग सिद्धान्तको पनि वकालत हुन्छ । त्यस्तै "भाग्य भगवानले कोर्छ : हिजोकाहरू भन्थे । भाग्य देशले रच्छ आजकाहरू भन्छन् तर देश कसले बनाउछ र त्यो भाग्य सायद मान्छेले कुद्ने गर्छ म भन्छु" (प्रधान, २०४७ : ७७) मार्क्सवादी धारणा अनुरूप प्रगतिवादमा भाग्यको रचनाकार व्रह्मा नभई मान्छे स्वयं हो भन्ने विचार उक्त कथानले व्यक्त गर्दछ । त्यसै गरी सन्दर्भ काठमाडौ नेपालको परिप्रेक्ष्यमा निबन्धमा पनि निबन्धकार इतिहास र परम्परालाई स्वच्छन्त्रतावादी प्रगतिवादको निचोड यसरी निकाल्छन, -"लाग्छ देश, नदी, मान्छे कुनै अक्षत योनि हो -महाभारतकी ययाति पुत्री मदनमणिकी माधवी जस्तै चिरकुमारी । सम्मिश्रित जातिका सन्तान मान्छे यो मान्छेको रगतमा कति किसिमको वीर्यको अनुदान छ खै, को भन्न सक्छ ? एउटा देश बन्न त्यसले कति देशको बलात्कार र कति कति जातिको सम्भोग सुख प्राप्त गरेको हुन्छ खै, को भन्न सक्छ ?" (प्रधान, २०४७ : ७ ) । यसरी प्रधानले देश जनता प्रकृति, कला, सभ्यता र सँस्कृतिको चिन्तनमा प्रगतिवादको जलप लगाउन भुलेका छैनन् । उनको तार्किक शक्ति र सूक्ष्म विश्लेषणको हरेक नमुनामा प्रगतिवादको अन्तर्निहित चेत भेट्टाउन सकिन्छ । त्यस्तै अर्को एउटा वाक्य हेरौं-

भूत भएर डराएका होइनन् डरले बनाएर भएका हुन् । तर छैन भन्न नसकिने भूतको कल्पना र स्थिति आफैमा कति डरलाग्दो छ । यो हाम्रो मनमा तह तह र रोमका कूपकुपमा छिरेर ईश्वर झैँ बसिदिएको छ । यसैले त्यसलाई ईश्वर सँग दाँज्ने गर्छु । (प्रधान, २०४७ : २१) यस वाक्यमा संस्कार र धर्मले थोपरेका अनेकौं अन्धविश्वासप्रति गरिएको व्यङ्ग्य प्रगतिवादी चिन्तनको स्वरूपमा प्रकट भएको छ । प्रधान आफ्ना रचनामा कुनै पनि पुराना मान्यता सामन्ती सोच र संस्कारको विरोध गर्नुको साटो त्यसलाई चिन्तनले पुष्टि गरेर त्यसलाई पाखा लगाउँछन् । उनको समय

सुनामी (२०६३) संग्रह भित्रको 'आस्थाका साँधहरू', सम्बन्धमा पनि यस्तै विचार देख्न पाइन्छ : "मान्ने नमान्नेहरूको जमातभित्रै यथार्थताको धरातल खोतल्ने काम पनि भइरहन्छ । सत्य हो समाजलाई ऊर्जा दिन नसक्नेहरू टिक्दा रहेनछन्, ह्रास हुँदै जान्छन् । कतिपय विचार, सम्प्रदाय, परिपाटी, मान्यताहरू विलुप्त हुँदै जानाको एउटा कारण यो पनि हुनुपर्छ । उत्कर्षमा नपुगी मान्यताहरूले परम्पराको ठाउँ लिँदैनन् । मात्रै परम्परा भैदिएर बाँच्न खोज्ने मूल्य, मान्यताहरू अर्थहीन हुने हुँदा आफै लोप हुन थाल्छन-निष्क्रिय, भूमिगत, (प्रधान, २०६३ :.१०१)

यसरी प्रगतिवादी चिन्तन प्रधानका निबन्धमा यत्रतत्र पाइने हुँदा उनका निबन्धहरूको मूल वैचारिकतामा प्रगतिवाद पनि मूल विचारका रूपमा आएको छ ।

### ४.३.२. मानवतावादी चिन्तन

मानवीय मूल्य र मान्यताप्रति आस्था रही भाइचाराको सहअस्तित्व स्वीकार गर्दै मानवीय हक, अधिकार, रुचि र स्वभाव अनुसार बाँच्न पाउनु, गर्न पाउनु नै मानवतावादको मूल लक्ष्य हो । मानवीय अस्तित्व नै सर्वोपरी हो भन्दै मानवीयता खोज्नु यसको धर्म हो । कृष्णचन्द्रसिंह प्रधालने मानवतावादी चिन्तन प्रकट गरेको पाइन्छ । उनी समाजका निम्नवर्गको आर्थिक विपन्नता, धनी, गरीब जस्ता अमेल अवस्था, मानवले मानवप्रति गर्ने व्यवहारप्रति रुष्ट हुँदै 'झुत्रो लुगा', 'धनी गरिबको संगम', 'भ्यागुतालाई फाँसी मुसालाई आजन्म कैद,' 'रात ओढेर जागेको छु रात ओढेर निदाइदिन्छु,' 'गौतमबुद्धको चिठी अशोकको नाममा,' आस्थाको द्वीपमा मान्छे जस्ता निबन्ध लेखी मानवीयताको खोजी गरेका छन् । उनी गान्धीवादबाट प्रभावित भई अहिंसावाद प्रति आबृष्ट थिए । यसको फलस्वरूप मानवीयताको सह-अस्तित्व खोज्न गान्धीबाटै सिकेका थिए । यही विचार र चेतनालाई उनले आफ्नो निबन्धमा व्यक्त गरेका छन् ।

देश हुनेहरूको पीडा एक प्रकारको छ नहुनेहरूको अर्कै प्रकारको । मानिसको मनमा देश देशको सीमा हुँदैन तर राज्यले इतिहास त्यो कोरिदिन्छ त्यसपछि एउटा देशभित्र आफू पर्नु वा नपर्नुको पीडाले सधैं उसलाई पोलिन्छ । उदाहरण छन् - भुटान, वर्मा, तिब्बत वा अन्यत्रका उठीवास र देश विहीनताका स्थितिहरू । यस परिस्थितिले अहिले दुईवटा संकट उत्पन्न गरिरहेको छ - अनागरिकताको संकट र देश विहीनताको

संकट । देशहरू जिते पनि हारे पनि मान्छे सधैं लडाइँ मै छ त्यसकारण लेखक भन्छन् अर्थोकका लागि नलडौं केवल मान्छेको लागि, मानवताको लागि लडे हुन्छ (प्रधान, २०६३ : ८३) ।

प्रधानको यस विचारले मानवतावादी धारणाप्रति तीव्र विश्वास र आस्थाको साथ फेरि जंगबहादुर जन्म नहोस् भन्ने र जंगबहादुर प्रवृत्तिको तीव्र आलोचनाका साथ मानवको सर्वोपरिता देश सीमाले नरोक्ने धारणा प्रष्ट्याएको छ । प्रधानले मानवतालाई प्रकृतिको तादात्म्यतासँग पनि गाँसेको छन् । 'पाइला आगतमा टेकेर' निबन्ध संग्रहमा संग्रहित 'फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू' शीर्षक निबन्धमा उनले प्रकृति र त्यससँग जोडिएको संस्कृति तथा संस्कृति र सभ्यताका बीचमा हुर्कने मानवतावादलाई पुष्ट्याएका छन् । एउटा वाक्य हेरौं - 'दुई भिन्दै विचारका मान्छेलाई सँगसँगै हिँड्न, दुई अमिल्दा सिद्धान्तका जमातलाई एकसाथ बस्न, दुई विपरीत व्यवस्थाका देशलाई मित्रतामा गुँथिन सहिष्णुता र सहअस्तित्व को मन्त्रले निकै सघाए छ । यसलाई मानवीय सद्भावनाको उदात्त स्वरूप भन्नुपर्छ (प्रधान, २०४७ : १) ।

त्यसै गरी उनले 'गौतम बुद्धको चिठी अशोकको नाममा' निबन्धमा मानवतावादी चिन्तनलाई पर्याप्त मात्रामा प्रकट गरेका छन् । "सिमाना राजनीतिको हुन्छ- मित्रतताको हुँदैन" (प्रधान, २०४७ : ४३) जस्ता वाक्यले मानवतावादको पूर्ण वकालत गरेका छ । देश-देशको सिमानामा पड्कने तोप र चल्ने हतियारले मान्छे मात्रलाई होइन मानवतालाई नै कुल्चेको प्रति चिन्तित हुँदै उनले हाम्रो देशले सिकाएको मानवतावाद र यस देशमा जन्मेका बुद्धको सन्देशलाई आत्मसात गर्ने आग्रह गरेका छन् । त्यसै गरी 'डरको छायाँमा रोबोटको जन्म' निबन्धमा प्रधान युद्धको डरले मानवता नाघिसकेको देखाउँदै मानिसमा मानवत्व नरही रोबोट जस्तै चालित यन्त्र मात्र बाँचेको कुरा यसरी दर्शाउँछन् - "तिमीमा पनि यस्तै एकौटा रोबोट बाँचेको छ । डरले परास्त गरेको चिहानमा आँसु खसालेर निडर हुनु कति कठिन रहेछ" । (प्रधान, २०४७, पृ. २३) अर्को निबन्ध 'आतङ्कको आकाशमा छाएको संकट' मा पनि प्रधानले देश र राजनीति भन्दा मानवता ठूलो कुरो ठान्दै भनेका छन् : "बोल्ने स्वतन्त्रता, बाँच्ने स्वतन्त्रता मात्रै खोजेको हुँ, मात्रै मानवीय अधिकार र शान्ति-सुरक्षा चाहेको हुँ" । (

प्रधान, २०६३ : ३१) त्यस्तै अर्को वाक्य, - मान्छे भन्दा ठूलो विचार होइन । मान्छे भन्दा महान व्यवस्था होइन । तिमी उसैलाई मारेर कसका निम्ति व्यवस्था बदल्न खोजिरहेका छौं (प्रधान, २०१३ :. ५१) ।

नेपाली परिवेश अनुरूप मानवतावादी चिन्तन राख्ने प्रधाने आफ्ना विभिन्न निबन्धमा मानवीयताको विचार राखेको पाइन्छ । कहीँ मानिस दुःखी, पीडित र अशक्तप्रति उनको हृदय सन्तप्त देखिन्छ भने कहीँ मानवीयता सम्बन्धी हक अधिकार नपाएको देख्दा र कहीँ मानव भएर मानवका रूपमा बाँच्न नपाएका देख्दा उनको हृदय रुन पुगेको देखिन्छ । यही मानवतावाद सम्बन्धी विचार उपर्युक्त निबन्धहरूमा ब्यक्ति भएको छ । भ्यागुतोलाई फाँसी मुसालाई आजन्म कैद, निबन्धमा पनि अपराध एउटाले गर्ने सजाय अर्कोले पाउने तात्कालिक अवस्थाप्रति प्रधानको कला र मूल्य मान्यताको माध्यमबाट मानवीयता हनन भएको विचार प्रस्फुटिन छ । प्रधानको समय बीसौं र एक्काइसौं शताब्दी दुवै भएकाले विश्व परिवेशमा मानवीयता सम्बन्धी अध्ययन चिन्तन र छिमेकी राष्ट्रको मानवतावाद सम्बन्धी चिन्तनलाई गौतमबुद्धको चिठी अशोकको नाममा निबन्धमा व्यक्त गरेका छन् । नेपाल र भारत दुवै असंलग्न विचारप्रति सहमति राख्ने राष्ट्र हुन् तर भारतको उक्त रवैया पूर्ण रूपमा मानवता विरोधी हो भन्ने आशयका साथ निबन्धमा व्यक्त गरिएको छ ।

यसरी प्रधानका निबन्धहरूमा मानवतावाद सम्बन्धी विचारहरू यत्रतत्र छरिएको पाइन्छ ।

### ४.३.३ अस्तित्ववादी चिन्तन

प्रकृतिवाद, पदार्थवाद र आदर्शवादका विरुद्ध आएको मानवीय अस्तित्व मा केन्द्रित दर्शनका रूपमा अस्तित्ववाद उपस्थित भएको पाइन्छ । मनुष्यको मौलिक अनुभूति र गरिमालाई विशिष्टता प्रदान गर्ने उद्देश्यले अभिप्रेरित भएको यस दर्शनले मनुष्यका सर्वाङ्गीण स्वतन्त्रता र उसका उद्देश्य चयनका स्वाधीनतामा जोड दिएको पाइन्छ । मनुष्य स्वयं स्वतन्त्र भएर पनि परिस्थितिको दास बनेर आफ्नो उत्तरदायित्व वहन गर्न बाध्य छ । परम्परागत आस्था, मूल्य, मान्यता र मापदण्डहरू मानवीय स्वतन्त्रता र अस्तिस्वका बाधक हुन् भन्ने अवधारणामा विश्वास राख्ने अस्तित्व वादले मानिसको जीवन अनेक प्रकारका विरोधाभास र अनुपयुक्तताले ग्रस्त भएको अनुभव

गर्दछ । मानिसलाई कसैले असंगत संसारमा फालेर उसमा विभिन्न घोषणाहरू उत्पन्न हुनुका कारण मनुष्य एकाकी र व्यथित जीवनयापन गर्न वाध्य भएको देखिन्छ र यसैको सेरोफेरोमा मान्छेले आफ्नो अस्तित्वको खोजी गर्दछ ।

यिनै सैद्धान्तिक अवधारणाहरूका आधारमा कृष्णचन्द्रसिंह प्रधानका वैचारिक निबन्धहरूको लेखाजोखा गर्ने हो भने उनका वैचारिक निबन्धमा अस्तित्व वाद पनि सल्वलाएको देख्न सकिन्छ । यस आधारभूमिका प्रमुख निबन्धहरू 'आत्महत्याको अंगालोमा,' 'भ्यागुतोलाई फाँसी मूसालाई आजन्म कैद,' 'टाइफीट किरमिर रेखाको ड्याश,' 'कीलामा ठोकिएको जिन्दगीका केही पानाहरू,' 'आतङ्कको आकाशमा छाएको संकट,' 'बोधिवृक्षको बगैचामा बारुदको गन्ध,' 'आस्थाको द्वीपमा मान्छे जस्ता निबन्धहरूमा अस्तित्ववादी विचार प्रवाहित भएर आएको छ । उनकै निबन्ध 'आस्थाको द्वीपमा मान्छे' मा उनी भन्दछन :

"मान्छेको स्वार्थीपना देखेर कहिलेकाहि चकित हुन्छु । वास्तवमा सबल प्राणी भएर पनि साँच्चिकै निर्बल कोही छ भने त्यो मान्छे नै हो । ऊ आफैमा बाँच्न सकिरहेको छैन । ऊ आफैमा स्वतन्त्र छैन । ऊ आफ्नै आफ्नो मालिक होइन ।" ( प्रधान, २०४७ :.८१) भन्ने वाक्यले मानवीय अस्तित्व को खोजी गरेको छ । त्यसै गरी आत्महत्याको अँगालोमा निबन्धमा प्रधानले आधुनिक मानव जीवनको निरूपाय स्थिति र विवशतालाई व्यक्त गर्दै मानवीय अर्थ र मूल्य पहिल्याउने अस्तित्ववादी चिन्तन पस्केका छन् भन्ने कुमारबहादुर जोशीको मत छ : (२०५० : २२) 'कीलामा ठोकिएको जिन्दगीका केही पानाहरू' निबन्धमा पनि आफ्नो निरूपाय र विवश जीवनको निरर्थकता देखाएर मानवीय अर्थ र मूल्य खोज्ने प्रयास गरिएको छ साथै जीवनका प्रत्येक क्षणको तत्त्व तथा मानवीय स्वतन्त्रताको प्रवल समर्थन गर्दै निष्प्राण र निरर्थक परम्परागत सामाजिक मूल्यहरूका स्थानमा नवीन मानवीय मूल्यहरूको प्रतिष्ठापन गर्नुपर्ने आवश्यकतातिर निबन्धकारको सङ्केत देखिन्छ । त्यस्तै आतङ्कवादको आकाशमा छाएको संकट निबन्धमा निबन्धकारले आफ्नै वाक्यमा मानवीय अस्तित्वलाई चाट्ने कालको यसरी चर्चा गरेका छन् : "काललाई पनि यही देश किन मन परेको होला भनसुन गरी यही पो सरुवा भई आइपुग्छ । अब हामीले यमलोक जानै पर्दैन ।" (२०६३ :३०) उनको अर्को निबन्ध 'बोधिवृक्षको बगैंचा बारुदको

गन्ध मा मानवीय अस्तित्व खोज्दै प्रधान भन्छन् : "मानिस भएर मानिसले गर्ने इच्छाभित्र केबल मानिस भई कोही बाँच्न चाहन्छन् भने उनीहरूको यो न्यूनतम् चाहनालाई आधारहीन नै पनि भनूँ कसरी ?" । (प्रधान, २०६३ : ५४)

त्यसै गरी विसंगतिको बोधबाट जन्मेको मानिसको अस्तित्ववादी चेतनालाई प्रधान यसरी देखाउँछन्, - "अब त बिना संकटको जीवन के जीवन जस्तो लागिसक्यो" । (प्रधान, २०६३ : ३०) मानिसको जीवन केही हद सम्म विसङ्गतिले बाँचे पनि आफ्नो अस्तित्व लाई जोगाउन निरन्तर संघर्ष गरिरहेको मानव आखिर संघर्षमै अस्तित्व बोध गर्नुपर्छ भन्ने मान्यतामा प्रधान भन्छन्, "हामी यस्तै यस्तै आतङ्कको सिकार हुन विवश छौं । हामी यिनै जोखिम कबुलेर बाँच्न अभिशप्त छौं । हामी यिनै आतङ्ककारीहरूको आक्रमणमा मृत्युवरण गर्न बाध्य छौं । यही संकटकालमा जेलिन बिलखवन्द छाैं" (प्रधान, २०६३ : ३२) यहाँ मान्छेको अस्तित्व मान्छे हुनुमै छ भन्दै प्रधान एकातिर मानवताको वकालत गर्दछन् भने अर्कोतिर अस्तित्वको चिन्तन पनि व्यक्त गर्छन् । "मानिस भएर मानिसले गर्ने इच्छा भित्र केवल मानिस भई कोही बाँच्न चाहन्छन् भने उनीहरूको यो न्यूनतम चाहनालाई आधारहीन नै पनि भनूँ कसरी" (प्रधान, २०६३ : ५४) त्यस्तै 'पाइला आगतमा टेकेर निबन्ध संग्रहमा पनि प्रधान अस्तित्ववादी चेतनालाई यसरी प्रकट गर्छन् :

"के हो अस्तित्व ? कहाँ हुन्छ यो ? के हाम्रो पनि छ र विद्रोहको कुरा गर्छौं ? छैन भन्ने कुराको चेतले सायद मान्छेलाई विद्रोहको सम्झना गराईदिँदो रहेछ । जन्मै देखि संघर्ष गर्दै आइरहेका मान्छेको सबैभन्दा ठूलो संकट सायद अस्तित्व कै छ कि कुन्नि । यसैका लागि लड्छन्, बाँच्छन् र मर्छन् । आह ! मान्छे एउटा अस्तित्व मात्रै हो के ? अस्तित्व आफैं मान्छे होइन रहेछ, जसको हुनुभित्रै अस्तित्व को पनि अस्तित्व सकारेर मान्छेमा अनुभूत गर्छौं ? तर यो मुर्दा सत्य हो, त्यसको चिहानमा अवस्थित भिन्नताले मान्छेलाई भिड्न परिरहेछ कहिले आफ्नो अस्तित्वका निम्ति, कहिले समाजको अस्तित्व का निम्ति, कहिले जातिको अस्तित्व का निमित त कहिले देशकै अस्तित्व का निम्ति । उसलाई अस्तित्व भए पुग्छ जसको रिक्ततामा मान्छेले आफूलाई अस्तित्व भेटाउन नसकेको प्रति यस्तो विचार राख्छन्, - 'खालि बुझ्न खोजिरहेछु-

मान्छे किन आफैँमा बाँच्न सकिरहेको छैन कि ऊ आफैँमा स्वतन्त्र छैन आफैँ आफ्नो मालिक किन हुन सकिरहेको छैन ? । (प्रधान, २०४७ : ८३)

त्यस्तै अस्तित्व को खोजीमा हिँड्ने मान्छेले आफ्नो अस्तित्व  कायम गरेपनि नियतिको खाडलमा खस्न बाध्य हुनु परेको कुरालाई यसरी प्रकट गर्छन, - "हैन यसो भनूँ न - बाँच्ने र मर्ने व्यक्ति होइन उसको परिस्थिति हो, उसका दिनहरू र कामहर र आफ्नाहरू; व्यक्ति त्यसमा उघ्रिनी र थिग्रिनी झैँ उघ्रने र थिग्रिने गर्छ । यो मान्छे-मान्छे त न आफैँ बाँच्छ, न आफैँ गर्छ । घडी जस्तो यो मान्छे, सुर्यको उदय र अस्तमा उठ्ने र सुत्ने गर्ने यो मान्छे; यो मान्छे ठीक टुकुचा खोला जस्तो न आफैँ बाँच्छ न आफैँ मर्छ" । (प्रधान, २०२६ : ५७)

यसरी आफ्ना विभिन्न निबन्धहरूमा मानवीय मूल्य र मानिस हुनुको सार्थकता खोज्ने निबन्धकार प्रधानले मानिसलाई स्वतन्त्रतापूर्वक बाँच्न दिए पनि स्वतन्त्रताका नाममा बेला बेलामा आतङ्कको बादलले नमीठा सङ्कटका असिनाहरू झारेको कुरा देखाएका छन् । अस्तित्ववादले सङ्कट र अर्थहीनताभित्रै अस्तित्वको खोजी गर्ने भएकोले निबन्धकारले पनि त्यस्तै बिषयवस्तु र भावको सामीप्यमा आफ्नो अस्तित्ववादी चेतलाई प्रबल तुल्याएका छन् ।

**४.३.४ राष्ट्रवादी चिन्तन**

निश्चित भूप्रदेशमा सीमाबद्ध खास राज्यसरकारका मान्यतामा संलग्न विविध भाषाभाषी र संस्कृति भएका अनेक जातिका जनसमुदायको सार्वभौम सत्तालाई राष्ट्र मानिएको छ । राष्ट्र र त्यसका सम्पूर्ण आन्तरिक र बाह्यपक्षमा राष्ट्रवादको परम्परा लामो छ । कतिपय देशमा अन्ध र सङ्कीर्ण राष्ट्रवाद तथा पारस्परिक सहयोगमा आधारित बाह्य र आन्तरिक कार्यकलापले व्यवहारात्मक रूपमा राष्ट्रका नागरिकका आचरण र स्वभावबाट मुखरित हुने प्रेमपूर्ण चेतना भएको स्पष्ट हुन्छ ।

उपर्युक्त आधारभूमिमा प्रधानका निबन्धमा प्रतिबिम्बित  राष्ट्रवादको स्वतन्त्र र मौलिक स्वरूप देख्न पाइन्छ । भौगालिक विविधता, जातीय अनेकता साँस्कृतिक भिन्नता तथा भाषिक बहुलता भएको नेपालका मूल्य र महत्ता दर्शाउने प्रधानले आफ्ना अनेक वैचारिक निबन्धहरूमा राष्ट्रबादको प्रबल धारणा प्रस्तुत गरेका छन् । उनका

यस्ता निबन्धहरूमा प्रजातन्त्रको दीर्घायुको कामना, आतङ्कको आकाशमा छाएको सङ्कट, हत्याको सन्दर्भ आस्थाको हवन, मान्छे हराएको मान्छे देश र कृष्णभीरहरू, मान्छे जंगबहादुर भएछन् । फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू, सन्दर्भ काठमाण्डौः नेपालको परिप्रेक्षमा गौतमबुद्धको चिठी अशोकको नाममा  र शव सालिक विद्रोह प्रमुख छन् ।

आफ्नो देशका हिमाल, पहाड, उपत्यका र कतिपय स्थानीय प्रकृतिको सुन्दर वर्णनले राष्ट्रवादी चेतनाको अभिव्यञ्जन गर्दछ । आफ्ना देशका नैसर्गिक सौन्दर्य र आदर्शप्रति तीब्रतम् अनुराग प्रकट गर्नु पनि राष्ट्रवाद नै हो यस सन्दर्भमा प्रधानले 'सन्दर्भ काठमाडौ : नेपालको परिप्रेक्षमा' निबन्धमा काठमाडौंको महत्तालाई प्रकट गर्दै प्राचीन कालमा काठमाण्डौलाई मात्र नेपाल भनिने गरे पनि आजका मेची महाकालीका नेपाली पनि आफ्नै देशका अभिन्न अङ्ग हुन् भनी राष्ट्रियताको भावना जाग्न जरुरी छ भन्ने विचार राख्दछन् । अर्को निबन्ध 'फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू' मा प्रधान पोखराको विष्मयकारी र लोभलाग्दो सौन्दर्यको छाँयाबाट मुग्ध भई फेवामा डुवेको अनुभूति यसरी व्यक्त गर्छन :

पोखरा भने रूपातालमा नुहाएर ओभाउन लागेको सल्लाघारीको केशराशी, पहाडै पहाडको सेप्टी हालेको बुटाबुटी छापे हरियो लहङ्गा, पातलो कञ्चुकी र माछापुच्छ्रे टीको लगाई फेवाताल मुस्कुराइरहेकी छे । हो यसले कसको मन जित्दैन । (प्रधान, २०४७ : ०४)

यसरी प्रधान निबन्धमा भावुक भई पोखराको सौन्दर्यलाई राष्ट्रको गौरव ठान्दछन् । तर पोखराबाट नेपाली र विदेशीहरूले पोखरालाई अँगाल्नुमा राष्ट्रिय आदानप्रदानको सगति आधार पनि पोखरा नै हो भनी भन्दछन् ।

त्यस्तै प्रधान राष्ट्रको सीमा र मानवताको दोसाँधमा राष्ट्रलाई कसरी जोगाउने भन्ने विचारालाई 'गौतमबुद्धको चिठ्ठी अशोकका नाममा', मा राष्ट्रियता आवश्यक रहेको छ । शान्तिका दूत जन्माउने नेपाललाई तिनै शान्तिपूर्खाले नै निल्न खोजेको जस्ता अभिव्यक्ति मार्फत राष्ट्रप्रतिको चिन्ता व्यक्त गरेका छन् । त्यसै गरी 'आतङ्कको आकाशमा छाएको सङ्कट' निबन्धमा पनि प्रधानले राष्ट्रलाई सिद्याउने

स्वार्थलिप्साले नेपालीका बलिदान र आस्थालाई अन्धकारमा डुबाइदिए भनी ठूलो चिन्ता पोखेका छन् ।

उनको पछिल्लो निबन्ध सङ्ग्रह 'समय सुनामी' का अधिकांश निबन्धहरू ५२ सालपछि राजनीतिक अवस्था विग्रिएको बेला लेखिएका हुन् । त्यस वेलाको राजनीतिक परिवेशले नेपालको भविष्यलाई अन्योलमा बग्दै गरेको बेला उनका हत्याको सन्दर्भः आस्थाको हवन, 'मान्छे हराएको मान्छे देश र कृष्णभीरहरू,' मान्छे जङ्गवहादुर भएछन्, घोषणा, घार र स्वास्थ्यलाभको कामना, जस्ता निबन्धहरूमा उनले त्यतिबेलाको राजनीतिक अवस्थालाई मर्मान्तक पाराले आफ्ना अनुभूतिमा पोखेका छन् । यिनै सन्दर्भ र प्रसङ्गमा उनको राष्ट्र र राष्ट्रियतासम्बन्धी राष्ट्रवादी चेत मुखरित भएको छ ।

उपर्युक्त, अध्ययन र माथिका उल्लिखित केही निबन्धहरूका उद्धरण हेर्दा पनि उनका निबन्धमा उर्लिएका राष्ट्रवादी चिन्तन अत्यन्त प्रखर भएको देखिन्छ । उनको राष्ट्रवादी चिन्तनले भरिएको अभिव्यक्तिको एउटा नमूनाः

"आह ! तेरो जन्ममा कति अद्‌भूत कथा गाँसिएका छन् । कति पवित्र महान भावनाले श्रद्धानत भई तेरो उत्पत्तिको अलौकिक पुराण हालेका छन् । यहाँ विपश्वी बुद्ध आए र कमलबीज रोपे । यसै विजबाट सृष्टि भएको कमलपुष्पमा अश्रत भुवनका भगवान स्वयम्भूको ज्योति अवतरित भएको थियो । यहाँ बुद्ध आए र स्वयम्भूकै ज्योतिमा अन्तर्लीन भए । फेरि विश्वभू बुद्ध भए । अनि पछि आए मञ्जुश्री बोधिसत्व । उनले खड्ग प्रहार गरी नागदहबाट पानी निकालेर बस्ती बसाए । यसरी तँ जन्मिस् । तेरो सृष्टिका यी अलौकिक स्वर्गीय र मनोरञ्जक गाथा आफैँमा कति अद्‌भूत छ" (प्रधान, २०४७ : २४)

प्रधानलाई आफ्नो देशको विछट्टै माया रहेछ । त्यसैले उनी भन्छन्, - "तिमीलाई आफ्नो देश प्यारो लागे जस्तै मलाई मेरो देशको माया छ । तिम्रो देश तिमीलाई महान लाग्दछ, मलाई मेरो देश । त्यसैले त म आफ्नो गरिव्याइँ मन पराउँछु, आफ्नो अशिक्षालाई माया गर्छु, आफ्नो दुःखलाई माया गर्छु । थाहा छ तिमी पनि त्यस्तै गर्छौ होला" (प्रधान, २०४७ : ४४)

प्रधान देशको अस्तित्व  र संकट हामीमा निर्भर गर्छ र जनताको चेतनामा नै राष्ट्र झल्किन्छ भन्ने कुरा यसरी प्रकट गर्छन् :

"जब हामी झुक्छौं देश टनकपुर भएर दुख्न थाल्छ । जब हामी हार्छौं देश सुगौली भएर खुम्चिन्छ" । (प्रधान, २०६३ : ४०)

प्रधान विदेशी राजनीतिक सिद्धान्तलाई बोकेर राष्ट्रियताको डाको छोड्ने राजनेताहरूप्रति व्यङ्ग्य गर्दै यस्तो भन्छन्, : "यहाँ कोही क्रान्तिकारी नेपाली नै छैन भने जस्तो माओको नाउँ झुण्ड्याएर पछि लागेको देख्दा ग्लानि हुन्छ । माओवादी नभइकन पनि क्रान्तिकारी हुन सक्छौं लखन थापा जस्तो । खै यो राष्ट्रियता ?" । (प्रधान, २०६३ : ५०)

देशको अस्तित्व  नै नभए हाम्रो पनि अस्तित्व  नहुने कुरा प्रति दृढ हुँदै प्धान यस्तो भन्छन् - 'मान्छे भन्दा धेरै ठूलो हुन्छ देश । देशमा त तिमी जस्ता मानिस कति छन्. कति, तर देश त एउटै हुन्छ' । -प्रधान, २०६३ : ६६)

प्रधानको राष्ट्रवादी चिन्तन केवल नेपालकै सन्दर्भमा मात्र होइन उनी अन्य देशमा पनि राष्ट्रियताको अविश्वासप्रतिको धारणा यसरी पोख्छन्, -

"सोनीया राजीव गान्धीकी धर्मपत्नी हुन् । त्यसैले उनी भारतकी भइसकिन् । अर्थात् भारतीय नागरिक । उनी भारत मेरो देश भन्छिन् र यहींका जनता र सारा भारतवासीहरूको सुख-समृद्धिका लागि समर्पित भई राजनीति गर्छिन् तर नेपालीकी छोरी सीतालाई भारतमाता भन्नेले आफ्नै देशकी बुहारी भइकन पनि सोनिया गान्धीलाई विदेशीको लाञ्छना लागेर अपमानित हुनुपरेको छ" । (प्रधान,२०६३ : ८४)

प्रधानले नेपाली भएरै लखेटिनु परेको र आफ्नो देशलाई आफ्नो भन्न नपाउनुको र देशविहीन हुनुको पीडालाई गहन चिन्तनबाट यसरी वर्णन गरेका छन् :

"देशविहीन छन् उनीहर अहिले । पितृभूमिविहीन नेपालीहरु भुटानी भएर शरणार्थी जीवन जिइरहेछन् यहाँ, उता मातृभूति विहीन भुटानीहरूलाई नेपाली भई निष्कासित हुनु परेको छ । दुवैतिरबाट वञ्चित मानिसहरू नेपाली पनि हुन्, भुटानी पनि हुन्, बर्मेली पनि हुन् तर क्यै नहुनाले रिक्तताको जोखिम भोग्नु परेको छ- अनागरिकताको संकट, देशविहीनताको संकट" । (प्रधान, २०६३ : ८४)

यसरी उपर्युक्त अध्ययन विवरण र मननबाट प्रधानका निबन्धमा राष्ट्रवाद सशक्त रूपमा प्रकट भएको देखिन्छ । विभिन्न निबन्धमा प्रतिबिम्बित राष्ट्रवादमा राष्ट्र र राष्ट्रिय सम्पन्नताप्रति उन्नतिको तीव्र इच्छा र योजना छ, विदेशिएका नेपालीहरूप्रति अगाध प्रेम छ । अन्य राष्ट्रले गरेको उपेक्षाप्रति कटु धारणा छ, शरणार्थी नेपालीको विवशताप्रति गहिरो चिन्ता छ तथा राष्ट्रियतालाई धमिराले खाए झैँ खाने नेताहरू प्रति ठूलो आक्रोश छ ।

यसरी उनको राष्ट्रवादी चिन्तनले नेपाली स्वाभिमान र देशभक्तहरूलाई झक्झक्याउन ठूलो मद्दत गरेको छ ।

## ४.४ निष्कर्ष

कृष्णचन्द्रसिंह प्रधानका वैचारिक निबन्धहरूलाई हेर्दा उनका निबन्धले विचारको व्यापक सेरोफेरोलाई ओगटेको पाइन्छ । उनले जीवन जगत्को स्थूल एवं सूक्ष्म, व्यक्ति मानसको आन्तरिक एवं बाह्य समाज, राष्ट्र, प्रकृति, दर्शन, राजनीति, इतिहास, संस्कृति, साहित्य, मनोविज्ञान आदि सबै विषयवस्तुका आधारमा आफ्नो वैचारिक चिन्तनलाई आफ्ना निबन्धमा व्यक्त गरेका छन् । प्रधानका निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विसङ्गतिवाद, अस्तित्ववाद एवं गान्धीवादीको प्रभाव पाइन्छ । यिनै विभिन्न दर्शनका उज्यालामा प्रधानले आफ्नो वैचारिक दृष्टिकोणलाई अगाडि सारे । प्रगतिवादी चिन्तनका माध्यमबाट सामन्ती संस्कारले जरा गाडेको राजनीतिको विरोध गर्नु, मानतावादी चिन्तनका माध्यमले विश्व जगतमा मौलाएको हिंसाको विरोध गर्नु र सङ्कट, समस्या र विसङ्गतिमा बाँचेका मासिनहरूको अस्तित्व  खोजीका निम्ति अस्तित्ववादी विचारको साहारा लिने प्रधान मूलतः वैचारिक निबन्धकार नै हुन् भन्न सकिन्छ ।

# परिच्छेद पाँच

## उपसंहार तथा निष्कर्ष

कृष्णचन्द्रसिंह प्रधान नेपाली साहित्यका अग्रज, स्थापित र सशक्त साहित्यकार हुन् । नेपाली साहित्यमा विभिन्न विधामा उनको कलम चलेको पाइन्छ । उनी निबन्धकारका रूपमा वि.सं. २००४ सालपछि स्थापित भएका हुन् । उनको पहिलो निबन्ध ''झुत्रो लुगा' नै उनका निबन्धकार व्यक्तित्वलाई प्रकाशमा ल्याउने पहिलो निबन्ध हो ।

निबन्धकार प्रधानको नैबन्धिक व्यक्तित्वको पहिचान गर्नुपर्दा उनलाई वैचारिक निबन्धकारका रूपमा चिन्न सकिन्छ । मूलतः निबन्धकार लक्ष्मीप्रसाद देवकोटा र आफ्नै दाजु हृदयचन्द्रसिंह प्रधानबाट विशेष प्रभावित थिए । त्यसकारण कृष्णचन्द्रसिंह प्रधानले दाजुको निबन्धकारितालाई समातेर देवकोटाको मानवतावादी विचारलाई आत्मसात् गर्न पुगे । उनी आफ्नो समालोचकीय व्यक्तित्वलाई निबन्धमा पनि ल्याउँछन् र विचारका माध्यमबाट गाउँ, सहर, राष्ट्र र विश्व परिवेशमा भएका हरेक पक्षको समालोचना गर्दछन् । यही कारणले नै उनका निबन्धमा वैचारिकताले ठाउँ पाएको हो ।

कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारितामा टड्कारै चिनिने पहिचान उनको निजत्व हो । त्यो कुरा उनको शब्दबाट र शब्दचयनबाट पत्ता लाग्छ । उनको विचारको मौलिकता शब्दको चक्रमा घुमेको हुन्छ । सांस्कृतिक पहिचान झल्किने विषयवस्तु अँगालेर राष्ट्रवाद र अस्तित्वको चिन्तन गाँस्नु उनको आफ्नै निजीपना हो ।

चिन्तन र भावनाको सन्तुलनले उनको विचार पक्षलाई सुबोध्य पारेका छन् । उनका वैचारिक निबन्धमा कुनै दार्शनिकले दर्शन छाटे झैं नभै एउटा अनुभवी र भविष्यवेत्ताको सोझो अभिव्यक्ति जस्तो उनको विचार स्पष्ट बुझिन्छ । निजी विचारको पुष्टिका लागि विभिन्न तर्क, पक्ष-विपक्षका सवाल एवं कार्यकारण □ृङ्खलाले कतै कतै चाहिँ विचारको ठोस निष्कर्ष के हो बन्ने बुझ्न बौद्धिक कसरत गर्नुपर्छ । उनका विचार सोझै व्यक्त नभएर आत्मरागमा मुछिएका छन् । कुनै वस्तुलाई टिपे पछि कतै

वस्तुलाई आफूभित्र विलय गराउँदै आफ्ना जीवनका विचार र चिन्तनको मिश्रण घोलिएको भेट्टाउन सकिन्छ । विभिन्न समालोचक र पाठकहरूका दृष्टिमा प्रधानका चिन्तनहरू अलिक अस्पष्ट लागे पनि उनको विचारको सार्थकता नै उनको उच्चता बन्न पुगेको छ ।

प्रधानका निबन्धहरूको वैचारिक धरातल भनेको उनमा परेको गान्धीवादी प्रभाव र मार्क्सवादी चिन्तन नै हो । यसैको धरातलमा उभिएर उनले प्रगतिशील विचार, राष्ट्रवाद र मानवतावादको अभिव्यक्ति प्रकट गरेका छन् । विसङ्गतिको पर्खालमा अस्तित्वको न्यून आशा राख्ने प्रधानले प्रायः जसो निबन्धमा निराशा र व्यङ्ग्य प्रयोग गरेका छन् । तर पनि अस्तित्वको खोजी गर्नुपर्ने मानवले राष्ट्रवाद र मानवतावाद दुवैलाई सँगसँगै लानुपर्ने कुरामा बढी वकालत गरेका छन् ।

यसरी वैचारिक धरातललाई आफ्नो निबन्धको प्राण ठान्ने निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका निबन्धको वैचारिकता नेपाली निबन्धका क्षेत्रमा प्राप्त भएको एउटा नवीन आयाम नै हो भनी भन्न सकिन्छ ।

**अन्य सम्भावित शोधशीर्षकहरु**

प्रस्तुत शोधपत्र कृष्णचन्द्रसिंह प्रधानको निबन्धमा वैचारिकता सम्बन्धी अध्ययनलाई आधार बनाई भविष्यमा पनि निम्नलिखित शीर्षकमा शोध गर्न सकिने देखिन्छ :

- कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा अस्तित्ववाद
- कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा मानवतावाद
- कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा प्रगतिवाद

## सन्दर्भ सामग्री सूची


अर्याल, भैरव. २०४०. **साझा निबन्ध**. काडमाडौं : साझा प्रकाशन ।

आचार्य, दुर्गाप्रसाद. २०५७. **निबन्धकार देवकोटाका दार्शनिक चिन्तन**. काठमाडौं : उदय बुक्स प्रा.लि ।

आचार्य, कृष्णप्रसाद. २०४३. **कृष्णचन्द्रसिंह प्रधानको, जीवनी व्यक्तित्व र कृतित्त्व.** शोधपत्र, स्नातकोत्तर

आचार्य, कृष्णप्रसाद २०४३. **सा.कृष्णचन्द्र सिं प्र.जी. व्य.कृ.** (स्नातकोत्तर शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद. २०४९. **प्रगतिवाद, परम्परा र मान्यता**. कीर्तिपुर : मुना गौतम

घिमिरे, कृष्णचन्द्र. २०३८. **निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन**. कीर्तिपुर : त्रि.वि. स्नातकोत्तर शोधपत्र) ।

जोशी, कुमारबहादुर. २०५०. **विकीर्ण चिन्तन.** ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह. २०२६. **शालिक.** काठमाडौं : साझा प्रकाशन ।

_______________. २०४३. **अनामसत्य.** काठमाण्डौ : साझा प्रकाशन ।

_______________. २०४७, **पाइला : आगतमा टेकेर.** ललितपुर : साझा प्रकाशन ।

_______________. २०५७. **बाग्मतीको हरक.** ललितपुर : साझा प्रकाशन ।

_______________. २०६३. **समयसुनामी.** ललितपुर : साझा प्रकाशन ।

_______________. २०६३. **समय सुनामी.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्ट, ईश्वरी. २०५३. **पाइला आगतमा टेकेर निबन्धसङ्ग्रहको कृतिपरक विश्लेषण.** कीतिपुर : त्रि.वि. स्नातकोत्तर शोधपत्र ।

_____________. २०६०. **शालिक निबन्धसंग्रहको कृतिपरक अध्ययन.** कीर्तिपुर : शोधपत्र स्नातकोत्तर, त्रि.वि.।

भट्टराई, घटराज. २०४०. **प्रतिभै प्रतिभा र नेपाली साहित्य.** काठमाण्डौं: नेशनल रिसर्च एशोशिएट नेपाल ।

राकेश, रामदयाल. २०५६. **रचनाको रसास्वादन.** काठमाडौं : सफारी नेपाल ।

लुइँटेल, कल्पना. २०५३. **प्रधान कृष्णचन्द्रसिंह. प्रधानको निबन्धकारिता.** कीर्तिपुर : शोधपत्र, स्नातकोत्तर, त्रि.वि.।

शर्मा गोपीकृष्ण. २०४१. **नेपाली निबन्ध परिचय,** काठमाडौं, रत्नपुस्तक भण्डार

शर्मा तारानाथ, २०३९, **पच्चीस वर्षका नेपाली निबन्ध,** काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा मोहनराज र खगेन्द्र लुइँटेल. २०६३. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

______________. २०६३. **नेपाली निबन्ध परिचय,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी राजेन्द्र. २०४९. **केही समीश्रण केही विश्लेषण,** ललितपुर, साझा प्रकाशन ।

______________. २०६३. **स्नातकोत्तर नेपाली निबन्ध.** काठमाडौं : पाठ्यसामग्री पसल ।